# अन्तर्राष्ट्रिय ब्यापारमा केही हानिकारक रसायन तथा जीवनाशक बिषादीको पूर्व जानकारी गराउने सहमति सम्बन्धी कार्यविधि सम्बन्धी रोटरडाम महासन्धि

यस महासन्धिका पक्षहरु,

केही अन्तर्राष्ट्रिय ब्यापारमा हानिकारक रसायन तथा जीवनाशक बिषादीहरुको अन्तर्राष्ट्रिय ब्यापार बाट मानब स्वास्थ्य र बातावरणमा पर्ने हानिकारक असरप्रति सचेत हुँदै,

बातावरण र बिकास सम्बन्धी रियो घोषणापत्रका महत्वपूर्ण प्रावधानहरु तथा "बिषालु तथा खतरनाक उत्पादनहरुको गैर कानूनी अन्तर्राष्ट्रिय ओसार पसार उपरको प्रतिवन्ध लगायत बिषालु रसायनहरुको बातावरणीय दृष्टिकोणले उचित व्यवस्थापन" सम्बन्धी एजेण्डा नं. २१ को परिच्छेद १९ लाई संस्मरण गर्दै,

अन्तर्राष्ट्रिय ब्यापारमा रसायनहरुको सम्बन्धमा सूचनाको आदान प्रदान गर्नका लागि ब्यवस्था भएको संयुक्त राष्ट्र संघीय बातावरण कार्यक्रम (यू.एन.ई.पी.) को संशोधित लण्डन मार्ग निर्देशिकाहरु (यसपछि "संशोधित लण्डन मार्ग निर्देशिका" भनिएको) र जीवनाशक बिषादीहरुको बितरण र प्रयोग सम्बन्धी संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन (एफ.ए.ओ.) को अन्तर्राष्ट्रिय आचार संहिता (

यसपछि “अन्तर्राष्ट्रिय आचार संहिता” भनिएको) मा उल्लेख भए बमोजिम पूर्व जानकारी गराउने सहमतिको कार्यविधिलाई स्वेच्छाले कार्यान्बयन गर्न संयुक्त राष्ट्र संघीय बातावरण कार्यक्रम (यू.एन.ई.पी.) र खाद्य तथा कृषि संगठन (एफ.ए.ओ.) ले गरेका कार्यहरुलाई मनन् गर्दै,

बिकासोन्मुख राज्यहरु र संकमण कालीन अर्थतन्त्र भएका राज्यहरुको परिस्थिति र तथा खास आवश्यकताहरु र खास गरी रासायनिक बस्तुहरुको ब्यवस्थापन गर्न सक्षम बनाउन राष्ट्रिय क्षमताको सुदृढीकरण गर्नु पर्ने आवश्यकता एवं प्रविधि हस्तान्तरण लगायत आर्थिक एवं प्राविधिक सहयोग प्रदान गरी पक्षहरु बीच सहयोगको अभिबृद्धि गर्नुपर्ने कुरालाई ध्यान दिंदै,

केही देशहरुलाई पारवाहन मार्गका सम्बन्धमा जानकारीको बिशेष आवश्यकता भएको कुरालाई उल्लेख गर्दै,

सम्पूर्ण मुलुकहरुमा रासायनिक बस्तुहरुको सुब्यवस्थापन गर्ने परिपाटीको अभिबृद्धि गर्नुपर्छ भन्ने कुरालाई मान्यता दिदै तथा अन्य कुराहरुको अतिरिक्त रासायनिक बस्तुहरुको अन्तर्राष्ट्रिय ब्यापार सम्बन्धी अन्तर्राष्ट्रिय आचार संहिताले ब्यवस्था गरेका स्वेच्छिक मापदण्ड र सायनहरुको अन्तर्राष्ट्रिय ब्यापार सम्बन्धी यू.एन.ई.पी. को नैतिक संहितालाई स्वीकार गर्दै आफ्ना इलाकावाट निकाशी गरिएका हानिकारक रसायनहरुलाई संशोधित लण्डन मार्ग निर्देशिका र अन्तर्राष्ट्रिय आचार संहिताका सिद्धान्तहरु अनुरुप मानव स्वास्थ्य एवं बातावरणको पर्याप्त सुरक्षा हुने तवरवाट प्याकेजिङ्ग गर्ने तथा लेबल टाँस्ने कुरालाई सुनिश्चित गर्न इच्छुक हुँदै,

नेपाल कानून आयोग

दिगो बिकास हासिल गर्ने दृष्टिकोणले ब्यापार र बातावरणीय नीति परम्परामा एक अर्कालाई सहयोगी हुनु पर्छ भन्ने कुरालाई मान्यता दिंदै,

रसायनहरुको अन्तर्राष्ट्रिय ब्यापार वा बातावरण संरक्षणमा लागू हुने कुनैपनि प्रचलित अन्तर्राष्ट्रिय सम्झौता अन्तर्गत कुनै पक्षको अधिकार र दायित्वहरुमा कुनै पनि तवरले परिवर्तन हुने अर्थ लाग्ने गरी यस महासन्धिको ब्याख्या गरिने छैन भन्ने कुरामा जोड दिंदै,

उपर्युक्त उल्लेखनहरुले यस महासन्धि र अन्य अन्तर्राष्ट्रिय सम्झौताहरु बीच कुनै किसिमको सोपान खडा गर्ने नियत राखेको छैन भन्ने कुरालाई हृदयङ्गम गर्दै,

केही हानिकारक तथा जीवनाशक बस्तुहरुको अन्तर्राष्ट्रिय ब्यापारबाट मानव स्वास्थ्य लगायत उपभोक्ता तथा कामदारहरुको स्वास्थ्य र वातावरण बिरुद्ध पर्न सक्ने सम्भावित हानिकारक असरहरुबाट सुरक्षण गर्ने कुरामा प्रतिवद्ध हुँदै.,

देहाय बमोजिम सहमत भएका छन् :

## धारा - १
## उद्देश्य

केही हानिकारक रसायनहरुको अन्तर्राष्ट्रिय ब्यापारबाट मानव स्वास्थ्य तथा बातावरणमा पर्न सक्ने सम्भावित असरबाट सुरक्षण प्रदान गर्न पक्षहरु बीच साझा जिम्मेवारी तथा सामुहिक प्रयत्नलाई अभिबृद्धि गरी बातावरणीय दृष्टिले उपयुक्त हुने प्रयोगलाई योगदान पु-याउनु र तिनका बिशेषताहरुको बारेमा तथा निकाशी

तथा पैठारीको बारेमा राष्ट्रियस्तरमा निर्णय लिने प्रक्रिया र त्यस्ता निर्णयहरु पक्षहरु समक्ष पु-याई सूचनाको आदान प्रदानलाई सहज बनाउनु यस महासन्धिको उद्देश्य रहेका छन् ।

**धारा - २**

**परिभाषा**

यस महासन्धिको प्रयोजनको निमित्त :

क) "रसायन" भन्नाले आफै वा कुनै मिश्रणवाट तयारी रुपमा उत्पादन गरिएको वा प्रकृति द्धारा प्राप्त गरिएको कुनै पदार्थ सम्झनु पर्छ, तर सो शब्दले् कुनै जैविक तत्वलाई जनाउने छैन । यसमा देहायका किसिमका पदार्थहरु समावेश छन् : जीवनाशक बिषादी (अति हानिकारक जीवनाशक संरचना) र औद्योगिक ।

ख) "प्रतिबन्धित रसायन" भन्नाले मानव स्वास्थ्य वा बातावरणलाई सुरक्षित राख्नको लागि एक वा सो भन्दा बढी किसिमबाट सम्पूर्ण प्रयोगलाई अन्तिम नियमनकारी कारवाहीद्धारा प्रतिवन्ध लगाईएको कुनै रसायन सम्झनु पर्छ । सो शब्दले पहिलो पटकनै प्रयोग गर्न स्वीकृति दिन इन्कार गरिएको वा उद्योग द्धारा नै आन्तरिक बजार बाट वा आन्तरिक अनुमति प्रकृया उपर थप बिचार गर्ने कार्यबाट फिर्ता लिईएको रसायन समेतलाई जनाउंछ, र उक्त कारवाहीमा मानव स्वास्थुय वा बातावरणको संरक्षणको लागि गरिएको कुराको स्पष्ट प्रमाण रहेको हुन्छ ।

नेपाल कानून आयोग

ग)	"कठोर रुपमा प्रतिवन्धित रसायन" भन्नाले मानव स्वास्थ्य र बातावरणको संरक्षणका लागि एक वा सो भन्दा बढी किसिमबाट सम्पूर्ण प्रयोगलाई अन्तिम नियमनकारी कारवाही द्वारा गरिएको कुनै रसायन सम्झनु पर्छ ।

तर त्यसको कुनै खास प्रयोगलाई भने अनुमति दिईएको हुन्छ । सो शब्दले पूर्ण रुपले प्रयोग गर्ने अनुमति इन्कार गरिएको वा उद्योगले नै आन्तरिक बजारबाट वा आन्तरिक अनुमति प्रकृया उपर थप बिचार गर्ने कार्यबाट फिर्ता दिईएको कुने रसायन समेतलाई जनाउंछ र त्यस्तो कारवाहीमा मानव स्वास्थ्य र वातावरणको संरक्षणको लागि गरिएको कुराको स्पष्ट प्रमाण रहेको हुन्छ ।

घ)	"अति हानिकारक जीवनाशक रसायन संरचना" भन्नाले प्रयोगको शर्तहरु अन्तर्गत एक वा एक भन्दा बढी पटक देखा परेपछि छोटो समयमै स्वास्थ्य वा बातावरणमा कडा असरहरु उत्पन्न गर्ने जीवनाशक प्रयोगका लागि संरचना गरिएको रसायनलाई जनाउँछ ।

ङ)	"अन्तिम नियमनकारी कारवाही" भन्नाले पछि नियमनकारी कारवाही गर्नु नपर्ने गरी कुनै पक्षद्वारा गरिएको कुनै कारवाहीलाई सम्झनु पर्छ र जसको प्रयोजनको कुनै रसायनलाई प्रतिवन्ध लगाउनु वा कडाईका साथ निषेध गर्नु हुनेछ ।

च)	"निकाशी" र "पैठारी" भन्नाले पक्षहरुको आ-आफ्नो भावर्धमा एक पक्ष र अर्को पक्ष बीच कुनै रसायन ढुवानी हुने कुरालाई संझानु पर्छ । तर सो शब्दले पारवहनको कारवाहीलाई मात्र बाहेक गर्नेछ ।

नेपाल कानून आयोग

छ)	“पक्ष” भन्नाले यस महासन्धिबाट बन्धनकारी हुन सहमत भएको कुनै राज्य वा क्षेत्रीय आर्थिक एकीकरण संगठनलाई संझानु पर्छ, जसउपर यो महासन्धि लागू हुन्छ ।

ज)	“क्षेत्रीय आर्थिक एकीकरण संगठन” भन्नाले तोकिएको कुनै क्षेत्रको सार्वभौमसत्ता सम्पन्न राज्यहरु द्धारा स्थापित संलठनलाई सम्झनु पर्दछ, जसलाई यसका सदस्य राज्यहरुले यस महासन्धिबाट नियमित भएका बिषयहरु सम्बन्धमा सक्षमता सुम्पनुको साथै यस महासन्धिमा रीतपूर्वक हस्ताक्षर, अनूमोदन, समर्थन, स्वीकृ तगर्न वा यसमा सम्मिलन हुन त्यस्तो संगठनको आन्तरिक कार्यविधि अनुसार अख्तियारी प्रदान गरिएको छ ।

झ)	“रसायन समीक्षा” भन्नाले धारा १८ को उपधारा ८ मा उल्लिखित सहायक निकाय सम्झानु पर्दछ ।

**धारा - ३**

**महासन्धिको क्षेत्र**

१)	यो महासन्धि देहायका बिषयमा लागू हुन्छ,

क.	प्रतिबन्धित वा कठोर रुपमा प्रतिबन्धित रसायनहरु, र

ख.	अति हानिकारक जीवनाशक बस्तुको समिश्रण (फर्मूलेशन)

२)	यो महासन्धि देहायका बिषयमा लागू हुँदैनन् :



नेपाल कानून आयोग

क. लागू औषध तथा मनोछिपक पदार्थहरु,

ख. रेडियोधर्मि सामाग्रीहरु,

ग. फोहोरमैलाहरु,

घ. रसायनिक हातहतियारहरु,

ङ. औषधि ब्यवसायका साथै मानव र पशु चिकित्सा सम्बन्धी औषधीहरु लगायत औषधीजन्य उत्पादनहरु,

च. खाद्य समिश्रणको रुपमा प्रयोग भएका रसायनहरु,

छ. खाद्य पदार्थ,

ज. मानव स्वास्थ्य वा बातावरणमा असर पार्न नसक्ने परिमाणमा पैठारी गरिएका देहायका रसायनहरु

१. अनुसन्धान वा बिश्लेषणको प्रयोजन निमित्त वा

२. कुनै एक व्यक्तिको निजी प्रयोगको लागि आवश्यक पर्ने मनासिब मात्र ।

नेपाल कानून आयोग

## धारा - ४

## राष्ट्रिय अधिकारी तोक्ने

१) प्रत्येक पक्षले एक वा सो भन्दा बढी संख्यामा राष्ट्रिय अधिकारी तोकी यस महासन्धि बमोजिम गर्नु पर्ने प्रशासकीय कार्यहरु त्यस्तो पक्षको तर्फबाट गर्न अख्तियारी प्रदान गर्नु पर्नेछ

२) प्रत्येक पक्ष त्यस्तो अधिकारी वा अधिकारीहरुले आफ्नो कार्य प्रभावकारी रुपबाट सम्पादन गर्न त्यस्ता अधिकारी संग पर्याप्त श्रोत र साधन हुने कुरा सुनिश्चित गर्न खोज्नेछन् ।

३) प्रत्येक पक्षले त्यस्तो पक्षको हकमा यो महासन्धि लागू हुने मिति भन्दा ढिलो नहुने गरी त्यस्तो अधिकारी वा अधिकारीहरुको नामावली ठेगानाको जानकारी सचिवालयलाई गराउनेछ । त्यस्ता अधिकारीको नाम र ठेगानामा कुनै किसिमले परिवर्तन भएमा त्यस्तो पक्षले सचिवालयलाई सो कुराको जानकारी तुरुन्त दिनेछ ।

४) सचिवालयले उपधारा ३ बमोजिम प्राप्त सूचनाको जानकारी पक्षहरुलाई यथाशिघ्र गराउनेछ

नेपाल कानून आयोग

## धारा - ५

## प्रतिवन्धित वा कठोर रुपमा प्रतिबन्धित रसायनहरुको सम्बन्धमा ब्यवस्था गरिएको कार्यविधिहरु

१) अन्तिम नियमनकारी कारवाही प्रत्येक पक्षले त्यस्तो कारवाहीको लिखित सूचना सचिवालयलाई दिनेछ । त्यस्तो सूचना अन्तिम नियमनकारी कारवाही लागू भएको नब्बे दिन भन्दा ढिला नहुने गरी कुनै पनि अवस्थामा उपलब्ध गराउनु पर्नेछ र उपलब्ध भएसम्म त्यस्तो सूचनामा अनुसूची - १ बमोजिम आवश्यक पर्ने जानकारी समेत समावेश गर्नु पर्नेछ ।

२) संशोधन लण्डन मार्ग निर्देशिका वा अन्तर्राष्ट्रिय आचार संहिता अन्तर्गत अन्तिम नियमनकारी कारवाहीको सूचना पेश गरिसकेको प्रत्येक पक्ष जसले त्यस्तो सूचना पून: पेश गर्नु पर्ने छैन । त्यस्तो पक्ष वाहेक प्रत्येक पक्षले त्यस्तो पक्षाको हकमा यो महासन्धि लागू हुंदाको मितिमा आफूले अन्तिम नियमनकारी कारवाही प्रचलनमा ल्याएको कुरा सचवालयलाई लिखित सूचना दिनेछ ।

३) सचिवालयले संभव भएसम्म छिटो र कुनै पनि हालतमा उपधारा १ र २ अन्तर्गतको सूचना प्राप्त गरेको मितिले छ महिना भन्दा ढिला नहुने गरी अनुसूची - १ बमोजिम आवश्यक पर्ने जानकारी संलग्न छ वा छैन भन्ने कुराको यकिन गर्नेछ । त्यसरी पठाएको सूचनामा आवश्यक जानकारी समावेश भएको भए सचिवालयले प्राप्त जानकारीको सारांश सम्पूर्ण पक्षहरुलाई यथाशिध्र उपलब्ध गराउने छ । त्यस्तो सूचनामा आवश्यक

नेपाल कानून आयोग

जानकारी समावेश नभएको भए सोही व्यहोराको जानकारी सूचित गर्ने पक्षलाई सोही मुताविक दिनु पर्ने छ ।

४) सचिवालयले उपधारा १ र २ बमोजिम प्राप्त गरेको सूचनाको लगायत अनुसूची - १ बमोजिम आवश्यक पर्ने सम्पूर्ण जानकारी समावेश नभएको त्यस्तो पक्षहरुलाई सम्प्रेषण गर्नेछ ।

५) सचिवालयले कुनै खास रसायनको बारेमा पूर्व जानकारी गराईएको क्षेत्रको दुईवटा स्वीकृत सूचनाहरु मध्ये प्राप्त गरेको कम्तिमा एउटा सूचना यकिन गर्दा अनुसूची - १ बमोजिमको आवश्यकता पूरा भएको पाएमा त्यसलाई रसायन समीक्षा समिति समक्ष पठाउनेछ । पूर्व जानकारी गराउन मञ्जुर गरिएको क्षेत्रको संरचना पक्षहरुको सम्मेलनको पहिलो बैठकमा सर्वसम्मतिवाट पारित हुने निर्णयमा परिभाषा गरे बमोजिम हुनेछ ।

६) रसायन समीक्षा समितिले त्यसरी पठाईएको सूचनाको समीक्षा गर्नेछ र मञ्जुर रसायन अनुसूची - २ मा उल्लेख भए बमोजिम पूर्व जानकारी गराउन मञ्जुर गरिएको कार्यविधि अन्तर्गत भए वा नभएको र सोही अनुसार अनुसूची - ३ मा सूचीकृत गर्नु पर्ने वा नपर्ने सम्बन्धमा पक्षहरुको सम्मेलनलाई सिफारिश गर्नेछ ।

नेपाल कानून आयोग

## धारा - ६

## अति हानिकारक जीवनाशक बिषादीका सम्बन्धमा व्यवस्था भएको कार्यविधि

१. कुनै पनि बिकासोन्मुख राज्य वा आफ्नो अर्थतन्त्र संक्रमणको स्थितिमा रहेको राज्य पक्षले आफ्नो इलाका भित्रै अति हानिकारक जीवनाशक बिषादीको संरचनाको कारण उठेका समस्याहरुको अनुभव गरी रहेको छ, त्यस्तो पक्षले त्यस्तो अति हासनकाक जीवनाशक बिषादीको संरचना अनुसूची - ३ मा सूचीकृत गराउन सचिवालय समक्ष प्रस्ताव गर्न सक्नेछ । त्यस्तो प्रस्ताव तयार गर्दा त्यस्तो पक्षले कुनै पनि सम्बद्ध स्रोतवाट प्राविधिक दक्षता प्राप्त गर्न सक्नेछ । त्यस्तो प्रस्तावमा अनुसूची - ४ को भाग १ बमोजिम आवश्यक पर्ने जानकारी समावेश भएको हुनु पर्नेछ ।

२. सचिवालयले संभव भए सम्म छिटो र कुनै पनि हालतमा उपधारा १ बमोजिम प्राप्त गरेको मितिले छ महिना भन्दा ढिला नहुने गरि त्यस्तो प्रस्तावमा अनुसूची - ४ को भाग १ बमोजिमको जानकारी समावेश भएको छ वा छैन भन्ने कुराको यकिन गर्नेछ । त्यस्तो प्रस्तावमा आवश्यक सूचना समावेश गरिएको रहेछ भने सचिवालयले त्यसरी प्राप्त जानकारीको सारांश यथाशीघ्र सम्पूर्ण पक्षहरुलाई पठाउनेछ । त्यस्तो प्रस्तावमा आवश्यक जानकारी समावेश नभएको भए प्रस्तावकर्ता पक्षलाई सोही अनुसारको जानकारी दिनु पर्नेछ ।

३. सचिवालयले उपधारा २ बमोजिम पठाएको प्रस्तावको सम्बन्धमा अनुसूची - ४ को भाग २ मा उल्लेख भए अनुसारको थप जानकारी संकलन गर्नेछ ।

४. सचिवालयले कुनै खास किसिमको अति हानिकारक जीवनाशक बिषादीको संरचना सम्बन्धमा उपधारा २ र ३ बमोजिमको शर्तहरु पूरा भए पछि त्यस्तो पूस्ताव र सो संग सम्बन्धित जानकारी रसायन समीक्षा समिति समक्ष पठाउनु पर्नेछ ।

५. रसायन समीक्षा समितिले प्रस्तावमा दिईएको जानकारी एवं अन्य संकलित थप जानकारीको समीक्षा गर्नेछ र उक्त बिवादित अति हानिकारक जीवनाशक बिषादी अनुसूची - ४ को भाग ३ मा उल्लेखित मापदण्ड अनुसार पूर्व जानकारी गराउने कार्यविधि अन्तर्गत भए वा नभएको र सोही बमोजिम अनुसूची - ३ मा सूचीकृत गर्नु पर्ने वा नपर्ने सम्बन्धमा सिफारिश गर्नेछ ।

**धारा - ७**

**अनुसूची ३ मा रसायनहरुको सूचीकरण**

१. रसायन समीक्षा समितिको निर्णयले अनुसूची - ३ मा सूचीकृत गर्न सिफारिश गरेको प्रत्येक रसायनको निमित्त सो समितिले उउटा निर्णय निर्देशिकाको मस्यौदा दस्ताबेज तयार गर्नेछ । निर्णय निर्देशिका दस्तावेज न्यूनतम रुपमा अनुसूची - १ वा अनुसूची - ४ मा उल्लेखित सूचनामा आधारित हुनु पर्नेछ र यसमा अन्तिम नियमनकारी कारवाही लागू हुने वर्ग

नेपाल कानून आयोग

बाहेकका कुनै वर्गमा पर्ने रसायनको प्रयोग सम्बन्धी सूचना समावेश हुनु पर्नेछ ।

२. उपधारा १ मा उल्लिखित सिफारिशको साथै निर्णय निर्देशिकाको मस्यौदा दस्तावेज पक्षहरुको सम्मेलन समक्ष पठाउनु पर्नेछ । पक्षहरुको सम्मेलनले सो रसायन पूर्व जानकारी गराउने सहमति कार्यविधि अन्तर्गत भएको वा नभएको निर्णय गर्नेछ र सोही अनुसार उक्त रसायनलाई अनुसूची - ३ मा सूचीकृत गरी निर्णय निर्देशिकाको मस्यौदालाई स्वीकृत गर्नेछ ।

३. पक्षहरुको सम्मेलनले कुनै रसायनलाई अनुसूची - ३ मा सूचीकृत गर्ने निर्णइ गरी सो संपग सम्बन्धित निर्णय निर्देशिका दस्तावेज स्वीकृति गरेपछि सचिवालयले सो जानकारी सम्पूर्ण पक्षहरुलाई यथासक्य चाँडो सम्प्रेषण गर्नेछ ।

४. पक्षहरुको सम्मेलनले कुनै रसायनलाई अनुसूची - ३ मा सूचीकृत गर्ने निर्णय गरी सो संग सम्बन्धित निर्णय निर्देशिका दस्तावेज स्वीकृति गरेपछि सचिवालयले सो जानकारी सम्पूर्ण पक्षहरुलाई यथासक्य चाँडो सम्प्रेषण गर्नेछ ।

नेपाल कानून आयोग

## धारा - ८

## स्वेच्छाले पूर्व जानकारी गराउने सहमतिका कार्यविधि अन्तर्गत रसायनहरु

पक्षहरुको सम्मेलनको पहिलो बैठकको मिति भन्दा अगाडिनै स्वेच्छाले पूर्व जानकारी गराउने सहमतिको कार्यविधिमा समावेश गरिएका अनुसूची - ३ मा सूचीकृत रसायन बाहेकका कुनै रसायनलाई अनुसूची - ३ मा सूचीकृत गर्ने वारे पक्षहरुको सम्मेलनले सो बैठकमा निर्णय गर्नेछ ।

तर उक्त अनुसूचीमा समावेश गर्न सम्पूर्ण शर्तहरु पूरा भएको छ भन्ने कुरामा सो सम्मेलन संतुष्ट हुनु पर्नेछ ।

## धारा - ९

## अनुसूची - ३ बाट रसायन हटाउने

१. कुनै पक्षले कुनै रसायनको बारेमा अनुसूची - ३ मा सूचीकृत गर्ने निर्णय गरेको बखत प्राप्त नभएको सूचना सचिवालय समक्ष पेश गरेमा र सो सूचनाले त्यसरी सूचीकृत रसायन अनुसूची - २ वा अनुसूची - ४ ले तोकेको मापदण्ड संग सम्बद्ध भएको पुष्टी हुन नसकेको इङ्गित गरेमा सचिवालयले सो कुराको जानकारी रसायन समीक्षा समिति समक्ष पठाउनु पर्नेछ ।

२. रसायन पुनरावलोकन समितिले उपधारा १ अन्तर्गत प्राप्त गरेको सूचनाको समीक्षा गर्नेछ । रसायन समीक्षा समितिले हरेक रसायनलाई अनुसूची - २ वा अनुसूची - ४ बमोजिमको सम्बद्ध मापदण्ड बमोजिम अनुसूची - ३ बाट हटाउनका लागि सिफारिश गर्ने निर्णय गरेमा यसले निर्देशिका दस्तावेजको परिमार्जित मस्यौदा तयार गर्नु पर्नेछ ।

३. उपधारा २ मा उल्लिखित सिफारिश निर्णय निर्देशिकाको संशोधित मस्यौदा सहित पक्षहरुको सम्मेलनमा पठाउनु पर्नेछ । पक्षहरुको सम्मेलनले सो रसायनलाई अनुसूची - ३ बाट हटाउने वा नहटाउने तथा निर्णय निर्देशिकाको संशोधित मस्यौदा स्वीकृत गर्ने वा नगर्ने बारेमा निर्णय गर्नेछ ।

४. कुनै रसायनलाई अनुसूची - ३ बाट हटाउने निर्णयका साथै उक्त परिमार्जित निर्णय निर्देशिकालाई पक्ष राज्यहरुको सम्मेलनले स्वीकृत गरेपछि सचिवालयले सो कुराको जानकारी सबै पक्षहरुलाई यथासक्य चाँडौ संचार गर्नेछ ।

**धारा - १०**

**अनुसूची - ३**

**मा सूचीकृत रसायनहरुको पैठारी सम्बन्धी**

**दायित्वहरु**

१. प्रत्येक पक्षले अनुसूची - ३ मा सूचीकृत गरिएको रसायनहरुको पैठारीका सम्बन्धमा समयमानै निर्णय गर्ने कुरामा सुनिश्चित गर्न उपयुक्त कानूनी वा प्रशासकीय उपायहरु कार्यान्वयन गर्नेछ ।

नेपाल कानून आयोग

२. प्रत्येक पक्षले यथाशक्य चाँडो र कुनै हालतमा पनि धारा ७ को उपधारा ३ मा उल्लिखित निर्णय निर्देशिका दस्तावेज पठाएको मितिले नौ महिना भित्रै सम्बन्धित रसायनको भविष्यमा गरिने पैठारीको बारेमा सचिवालयलाई प्रत्युत्तर पठाउनु पर्नेछ । कुनै पक्षले सो प्रत्युत्तरमा कुनै हेरफेर गरेमा संशोधन प्रत्युत्तर सचिवालय समक्ष तुरुन्त पेश गर्नु पर्नेछ ।

३. उपधारा २ मा उल्लिखित समयावधि ब्यतित् भएपछि प्रत्युत्तर नपठाएमा सचिवालयले त्यसरी प्रत्युत्तर नपठाउने पक्षलार्य सम्बोधन गरी यथाशिध्र सो पठाउनका लागि लिखित अनुरोध गर्नेछ । उक्त पक्ष प्रत्युत्तर पठाउन असमर्थ भएमा सचिवालयले आवश्यकतानुसार धारा ११ को उपधारा २ को अन्तिम बाक्यमा उल्लिखित समयावधि भित्र प्रत्युत्तर पठाउन सहयोग गर्नेछ ।

४. उपधारा २ अन्तर्गतको प्रत्यूत्तरमा देहायका कुराहरु समावेश हुनेछन् :

क) कानूनी वा प्रशासकीय उपायहरु बमोजिमका अन्तिम निर्णय :

१. पैठारी गर्न सहमति दिने,

२. पैठारी गर्न सहमति नदिने वा

३. निर्धारित शर्तहरुको अधिनमा रहेर मात्र पैठारी गर्ने सहमति दिने वा

ख) अन्तरिम प्रत्यूत्तर जसमा निम्न कुराहरु समावेश गर्न सक्नेछ :

१.	निर्धारित शर्तहरु सहित वा शर्तहरु बिना पैठारी गर्न सहमति दिने अवधिभर पैठारी गर्न सहमति नदिने अन्तरिम निर्णय,

२.	अन्तिम निर्णय पूर्ण बिचाराधिन अवस्थामा रहेको छ भन्ने बिवरण,

३.	सचिवालय वा अन्तिम नियमनकारी कारवाहीको सूचना दिने कुनै पक्षलाई थप जानकारी गराउन गरिएको अनुरोध,

४.	रसायनको मूल्यांकनमा सहयोग पु-याउन सचिवालयलाई गरिएको अनुरोध ।

५.	उपधारा ४ को खण्ड (क) र (ख) अन्तर्गतको प्रत्युत्तर अनुसूची ३ मा उल्लिखित रसायनको निमित्त तोकिएको बर्ग वा बर्गहरुसंग सम्बन्धित हुनु पर्नेछ ।

६.	अन्तिम निर्णयमा सो निर्णय आधारित रहेको कानूनी वा प्रशासकीय उपायहरुको बिवरण समेत संलग्न हुनु पर्नेछ ।

७.	प्रत्येक पक्षले आफ्नो हकमा यो महासन्धि प्रारम्भ हुने मिति भन्दा पछाडि नहुने गरी अनुसूची ३ मा सूचीकृत हरेक रसायनको सम्बन्धमा सचिवालयलाई प्रत्युत्तर पठाउनेछ । संशोधित लण्डन मार्ग निर्देशिका वा अन्तर्राष्ट्रिय आचार संहिता अन्तर्गत कुनै पक्षले त्यस्तो प्रत्युत्तर दिई सकेकोमा पून : सो कुराको प्रत्युत्तर दिनु पर्ने छैन ।

८. प्रत्येक पक्षले यस धारा अन्तर्गत आफ्नो क्षेत्राधिकार भित्रका उपलब्ध सम्बन्धित सबैलाई आफ्नो कानूनी वा प्रशासकीय उपायहरु अनुसार प्रत्युत्तर दिनु पर्नेछ ।

९. माथि उल्लिखित उपधारा २ र ४ तथा धारा ११ को उपधारा २ बमोजिम कुनै रसायन पैठारी गर्न सहमति प्रदान नगर्ने वा निर्धारित शर्तमा मात्र पैठारी गर्ने सहमति प्रदान गर्ने निर्णय लिने कुनै पक्षले त्यस्तो कार्य पहिलानै गरिसकेको रहेनछ भने देहायको कार्य एकसाथ प्रतिबन्ध गर्ने वा सोही शर्तको अधिनमा रहने ब्यवस्थ ागर्नेछ ।

क) कुनै पनि श्रोतवाट उक्त रसायनको पैठारी गर्ने,

ख) आन्तरिक प्रयोगको लागि उक्त रसायनको आन्तरिक उत्पादन गर्ने,

१०. सचिवालयले आफूले प्राप्त गरेको प्रत्यूत्तर जानकारी प्रत्येक छ महिनामा सम्पूर्ण पक्षहरुलाई दिनेछ । त्यस्तो जानकारीमा उपलब्ध भएसम्म सो सम्बन्धी निर्णय आधारित रहेको कानूनी वा प्रशासकीय उपायहरुको बिवरण समाबिष्ट हुनु पर्नेछ । यसका अतिरिक्त सचिवालयले कुनै प्रत्यूत्तर पठाउन नसकेको अवस्थामा सो कुराको पक्षहरु लाई जानकारी दिनेछ ।

**धारा - ११**

**अनुसूची - ३ मा**

**सूचीकृत रसायनहरुको निकाशी सम्बन्धी**

**दायित्वहरु :**

१. प्रत्येक निकाशीकर्ता पक्षले देहाय बमोजिम गर्नेछ :

नेपाल कानून आयोग

क) धारा १० को उपधारा १० बमोजिम सचिवालयले आफ्नो क्षेत्राधिकार भित्रका सम्बन्धित सबैलाई पठाएको प्रतिउत्तर सञ्चार सम्प्रेषण गर्न उपयुक्त कानून वा प्रशासनिक उपायहरु कार्यान्वयन गर्नेछ ।

ख) सचिवालयले धारा १० को उपधारा १० बमोजिम पक्षहरुलाई पहिलो पटक जानकारी गराएको हरेक प्रतिउत्तरलाई सो जानकारी प्राप्त भएको मितिले छ महिना भन्दा ढिला नहुने गरी निकाशीकर्ताहरुले आफ्नो क्षेत्राधिकार अन्तर्गत सो प्रत्यूत्तरको निर्णयहरुको पालना गर्दछन् भन्ने कुरा सुनिश्चित गर्न उपयुक्त समूचित कानूनी वा प्रशासनिक उपायहरु अपनाउनेछ ।

ग) पैठारी गर्ने पक्षहरुको औचित्य अनुसार देहायको सल्लाह एवं सहायता गर्नेछ :

१. धारा १० को उपधारा ४ तथा देहायको उपधारा २ को खण्ड (ग) बमोजिम कारवाही गर्न त्यस्ता पक्षहरुलाई सहयोग पु-याउन थप जानकारी प्राप्त गर्ने र

२. रसायनहरुको जीवनचक्र भरी रसायनको सुरक्षात्मक प्रवन्ध गर्न त्यस्ता पक्षहरुको क्षमता तथा सामथ्र्यलाई सुदृढ गर्ने ।

३. प्रत्येक पक्षले देहायका अवस्थामा वाहेक प्रत्यूत्तर पत्र सम्प्रेषण गर्न नसकेको वा अन्तरिम निर्णय समावेश नगरी अन्तरिम प्रत्यूत्तर सम्प्रेषण गर्ने पैठारीकर्ता पक्षलाई अपवादको अवस्थामा अनुसूची - ३ मा सूचीकृत कुनै रसायन आफ्नो इलाकावाट निकासी गरेको छैन भन्ने कुरा सुनिश्चित गर्नेछ ।

क) पैठारी गर्दाको बखत यो रसायन भएको र त्यस्तो रसायन पैठारी गर्ने पक्षकहाँ रसायन कै रुपमा दर्ता भएको वा

ख) सो रसायन पैठारी गर्ने पक्ष कहाँ पहिला देखि नै प्रयोग हुँदै पैठारी हुँदै आएको पैठारी हो र यसको प्रयोगलाई प्रतिबन्ध गर्न कुनै नियमनकारी कारबाही गरिएको छैन भन्ने प्रमाण कायम रहेको वा

ग) पैठारी गर्ने पक्षद्वारा नियुक्त राष्ट्रिय अधिकारी मार्फत निकाशी कर्ताले पैठारीको बारेमा स्पष्ट सहमति माग गरेको वा सो प्राप्त गरेको । पैठारी गर्ने पक्षले त्यस्तो माग उपर साठी दिन भित्र जवाफ दिनु पर्नेछ र आफ्नो निर्णयको बारेमा सचिवालयलाई यथाशीध्र सूचना दिनु पर्नेछ ।

यस उपधारा अन्तर्गत निकाशीकर्ता पक्षहरुको दायित्व सचिवालयले कुनै पक्षले प्रत्यूत्तर सम्प्रेषण नगरेको छ वा अन्तिम निर्णय समाविष्ट कनगरी अन्तरिम प्रत्यूत्तर सम्प्रेषण गरेको धारा १० को उपधारा १० बमोजिम पहिलो पटक

नेपाल कानून आयोग

जानकारी गराएको मितिवाट छ महिना ब्यतित् भएपछि लागू हुनेछ र सो एक बर्षसम्म लागू रहनेछ ।

## धारा - १२

## निकाशी सम्बन्धी सूचना

१. कुनै पक्षद्धारा प्रतिवन्धित गरिएको वा कठोर रुपमा प्रतिवन्ध लगाईएको कुनै रसायन आफ्नो इलाकावाट निकाशी भएकोमा त्यस्तो पक्षले पैठारी गर्ने पक्षलाई निकाशी सम्बन्धी सूचना दिनु पर्नेछ । निकाशी सम्बन्धी सूचनामा अनुसूची - ५ मा उल्लिखित जानकारी समावेश हुनु पर्नेछ ।

२. त्यस्तो रसायन पहिलो पटक सम्वन्धित अन्तिम नियमनकारी कारवाही निकाशी गर्नु पूर्व साको निकाशी सम्वन्धी सूचना पठाउनु पर्नेछ । तत्पश्चात उक्त निकाशी सम्बन्धी सूचना कुनै पनि सम्बत्सर बर्षमा पहिलो पटक निकाशी गर्नु पूर्व उपलब्ध गराउनु पर्नेछ । निकाशी गर्नु पूर्व नै सूचना दिनु पर्ने कुरा पैठारी गर्ने पक्षद्धारा नियुक्त राष्ट्रिय अधिकारीले छुट दिन सक्नेछ ।

३. निकाशी गर्ने पक्षले सो रसायन उपर बन्देज वा कठोर प्रतिबन्ध लगाउने सम्बन्धमा मूलभूत परिवर्तन ल्याउने अन्तिम नियमनकारी कारवाही गरेपछि निकाशी सम्बन्धी अद्यावधिक सूचना उपलब्ध गराउनेछ ।

४. पैठारी गर्ने पक्षले अन्तिम नियमनकारी कारवाही प्राप्त गरेपछि पहिलो निकाशी सम्बन्धी सूचनाको जानकारी प्राप्त गरेको कुराको जनाउ दिनेछ ।

निकाशी गर्ने पक्षले निकाशीसंग सम्बन्धित सूचना पठाएको मितिले तीस दिनभित्र सोको जानकारी प्राप्त नगरेमा दोश्रो सूचना सम्प्रेषण गर्नेछ । पैठारी गर्ने पक्षले उक्त दोश्रो सूचना प्राप्त गर्ने कुराको निश्चिततताका लागि निकाशीकर्ता पक्षले मनासिव प्रयत्न गर्नेछ ।

५. उपधारा १ मा उल्लिखित पक्षको दायित्व देहायको अवस्थामा अन्त्य हुनेछ :

क) रसायन अनुसूची - ३ मा सूचीकृत भएमा,

ख) पैठारी गर्ने पक्षले धारा १० को उपधारा २ बमोजिम रसायनको बारेमा सचिवालयलाई प्रत्यूत्तर उपलब्ध गराएमा र

ग) सचिवालयले धारा १० को उपधारा १० अनुसार पक्षहरुलाई प्रत्यूत्तर उपलब्ध गराएमा,

**धारा - १३**

**निकाशी गरिएको रसायनहरुका साथमा हुनुपर्ने सूचना**

१. पक्षहरुको सम्मेलनले अनुसूची - ३ मा सूचीकृत छुट्टाछुट्टै रसायन वा रसायनहरुको समूहलाई उपयुक्तताअनुसार बिशेष समदर प्रणाली ( हामानाइज सिष्टम) को भन्सार संकेत तोक्ने बिश्व भन्सार संगठनलाई प्रोत्साहन गर्नेछ । प्रत्येक पक्षले यस्तो रसायनको संकेत जहिले तोकिएको

नेपाल कानून आयोग

भएपनि त्यस्तो रसायनको जहाज चलान सम्बन्धी कागजातमा निकाशी गर्दाका बखत त्यसको संकेत उल्लेख गर्नु पर्ने छ ।

२. पैठारी गर्ने पक्षको शर्तहरुलाई कुनै प्रतिकूल प्रभाव नपर्ने गरी प्रत्येक पक्षले अनुसूची - ३ मा सूचीकृत गरिएका र आफ्नो इलाका भित्र प्रतिवन्ध लगाईएका वा कठोर रुपमा प्रतिवन्धित रसायनहरु निकाशी गर्दा सम्बद्ध अन्तर्राष्ट्रिय मापदण्डलाई ध्यानमा राखी मानव स्वास्थ्य वा बातावरणमा जोखिम वा हानी पु-याउने सम्बन्धी पर्याप्त जानकारी उपलब्ध गराएको छ भन्ने कुराको सुनिश्चितता प्रदान गर्ने लेवल लगाउनु पर्ने शर्तहरु पूरा गरेको हुनु पर्नेछ ।

३. पैठारी गर्ने पक्षको शर्तहरुलाई प्रतिकूल प्रभाव नपर्ने गरी प्रत्येक पक्षले आफ्नो इलाका भित्र बातावरणीय वा स्वास्थ्य सम्बन्धी लेवलको शर्तहरु पूरा गर्नुपर्ने कुराको अधीनमा रही रसायनहरु निकाशी गर्दा मानव स्वास्थ्य वा बातावरणमा जोखिम वा हानी पु-याउने सम्बन्धी पर्याप्त जानकारी उपलब्ध गराएको छ भन्ने कुराको सुनिश्चितता प्रदान गर्ने लेवल लगाउनु पर्ने शतर्थहरु पूरा गराउन सक्नेछ ।

४. पेशागत प्रयोजनका लागि प्रयोग गरिने उपधारा २ मा उल्लिखित रसायनहरुका सम्बन्धमा प्रत्येक निकाशीकर्ता पक्षले उपलब्ध भएका सबैभन्दा अद्यावधिक जानकारी उल्लेख गरी अन्तर्राष्ट्रिय मानयता प्राप्त ढाँचाको सुरक्षित तथ्यांक तालिका प्रत्येक पैठारीकर्तालाई पठाउनु पर्नेछ ।

नेपाल कानून आयोग

५. लेवल तथा सुरक्षा सम्बन्धी तथ्यांक तालिकामा उल्लिखित जानकारी संभव भएसम्म पैठारी कर्ताको एक वा सो भन्दा बढी सरकारी भाषामा दिइएको हुनु पर्दछ ।

## धारा - १४

## जानकारीको आदान प्रदान

१. प्रत्येक पक्षले यो महासन्धिको उद्देश्य तथा उपयुक्तता अनुसार देहायका कुराहरु गर्न सहज गर्नेछ :

क) यस महासन्धिको क्षेत्रभित्र पर्ने रसायनहरु सम्बन्धी बैज्ञानिक, प्रविधिक, आर्थिक एवं कानूनी जानकारी लगायत बिषादी एवं पर्यावरणीय बिषादी र सुरक्षा सम्बन्धी जानकारीको आदान प्रदान,

ख) यस महासन्धिको उद्देश्यसंग संम्बन्ध आन्तरिक नियमनकारी कारवाहीको सम्बन्धमा सार्वजनिक रुपले उपलब्ध गराईएको जानकारी ब्यवस्था, र

ग) उपयुक्ततानुसार आधारभूत रुपमा त्यस्तो रसायनको प्रयोगएक वा सो भन्दा बढी पटक गर्न निषेध गर्ने आन्तरिक नियमनकारी कारवाही सम्बन्धी जानकारी सोझै वा सचिवालय मार्फत अर्को पक्षलाई गराउने ब्यवस्था ।

२. यस महासन्धि अनुसार जानकारी आदान प्रदान गर्ने पक्षहरुले आपसमा मञ्जुर गरे बमोजिम कुनै पनि गोप्य सूचनाको संरक्षण गर्नेछन् ।

नेपाल कानून आयोग

३. यस महासन्धिको प्रयोजनको निमित्त देहायका सूचनालाई गोप्य मानिने छैन :

क) अनुसूची - १ र ४ मा उल्लेख गरिएको, क्रमश : धारा ५ र ६ बमोजिम पेश गरिएको जानकारी,

ख) धारा १३ को उपधारा ४ मा उल्लेख भए अनुसारको सुरक्षा सम्बन्धी तथ्यांक तालिकामा समाविष्ट सूचना,

ग) रसायनको म्याद नाघ्ने मिति

घ) पूर्व सावधानीका उपायहरुको सम्बन्धमा जानकारीका साथै हानीको बर्गिकरण जोखिमका स्वरुप र तत्सम्बन्धी सुरक्षात्मक सल्लाहको जानकारी र

ङ) बिषादी एवं पर्यावरणीय बिषादीको परीक्षणको संक्षिप्त परिणाम

४. यस महासन्धिको प्रयोजनको निमित्त रसायन उत्पादन गरेको मितिलाई सामान्य तथा गोप्य मानिने छैन ।

५. अनुसूची - ३ मा सूचीकृत गरिएको रसायनहरु आफ्नो इलाकावाट पारवहन ढुवानी गर्ने बारेको जानकारी पूरा गर्नु पर्ने शर्तहरु कुनै पक्षले सचिवालय समक्ष आफ्नो आवश्यक्ता बारेको प्रतिबेदन दिन सक्नेछ र सोही अनुरुप त्यसको जानकारी सम्पूर्ण पक्षहरुलाई गराउनु पर्नेछ ।

नेपाल कानून आयोग

## धारा - १५
## महासन्धिको कार्यान्वयन

१. प्रत्येक पक्षले यस महासन्धिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्नको निमित्त आवश्यकतानुसार आफ्नो राष्ट्रिय पूर्वाधारा र संस्थाहरुको स्थापना एवं सुदृढीकरण गर्न आवश्यक पर्ने उपायहरु अवलम्वन गर्नेछ । त्यस्तो उपायहरुमा आवश्यकतानुसार राष्ट्रिय कानून वा प्रशासनिक उपायहरु अपनाउने वा संसोधन गर्ने लगायत देहायका कुराहरु समाविष्ट हुन सक्नेछन् :

क) रसायनको सम्बन्धमा खडा गरिएका राष्ट्रिय अभिलेख एवं तथ्यांक भण्डार लगायत सुरक्षा सम्बन्धी जानकारी,

ख) रसायन सुरक्षा प्रवर्द्धन गर्न उद्योगले गरेका प्रयासहरुको प्रोत्साहन,

ग) धारा १६ का प्रावधानहरुलाई ध्यानमा राखी स्वेच्छिक सम्झौताहरुको प्रवर्द्धन ।

२. प्रत्येक पक्षले व्यवहारसम्मत भएसम्म रसायनको परिचालन एवं दुर्घटना व्यवस्थापन र मानव स्वास्थ्य वा वातावरणको सुरक्षाको लागि अनुसूची - ३ मा सूचीकृत रसायनहरु भन्दा सुरक्षित बिकल्पहरु सम्बन्धी जानकारीमा सर्वसाधारणको समुचित पहुँच हुने कुरा सुनिश्चित गर्नेछ ।

नेपाल कानून आयोग

३. यस महासन्धिको उप-क्षेत्रिय, क्षेत्रिय तथा बिश्वव्यापी स्तरमा कार्यान्वयन गर्न उपयुक्ततानुसार प्रत्यक्ष रुपमा वा सक्षम अन्तर्राष्ट्रिय संगठनहरु मार्फत सहयोग गर्न पक्षहरु मञ्जुर गर्दछन् ।

४. यस महासन्धिमा ब्यवस्था गरिएको भन्दा अझ कडा रुपमा मानव स्वास्थ्य तथा वातावरणको संरक्षण गर्ने कारवाही गर्ने पक्षहरुको अधिकारलाई सीमित गर्ने गरी यस महासन्धिमा उल्लिखित प्रावधानको ब्याख्या गरिनेछैन । तर तयस्तो कारवाही यस महासन्धिका प्रावधानहरु अनुकूल र अन्तर्राष्ट्रिय कानून अनुकूल हुनु पर्नेछ ।

## धारा - १६
## प्राविधिक सहायता

पक्षहरुले खासगरी बिकासोन्मुख मुलुकहरु र अर्थतन्त्र संक्रमणमा रहेका मुलुकहरुको आवश्यकतालाई ध्यानमा राखी यो महासन्धिको कार्यान्वयन गर्न सामथ्र्य तुल्याउन र रसायनहरुको प्रबन्ध गर्न आवश्यक पूर्वाधार तथा क्षमता बिकासका लागि प्राविधिक सहायता अभिबृद्धि गर्न सहयोग गर्नेछन् । रसायनहरुलाई ब्यवस्थि तगर्नको लागि बढी उन्नत कार्यक्रमहरु भएका पक्षहरुले अन्य रसायनहरुको जीवन चक्रभरी त्यसलाई सुव्यवस्थि तगर्नका लागि तिनीहरुको पूर्वाधार बिकास तथा क्षमता बिकासमा प्राविधिक सहायता तथा तालिमहरु प्रदान गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

## धारा - १७

## पालना नभएको

पक्षहरुको सम्मेलनले यथाशक्य छिटो यस महासन्धिको प्रावधानहरुको पालना नभएको कुरा निर्धारण गर्न र पालना नगरेको पाईएमा पक्षहरुलाई कारवाही गर्नका लागि कार्यविधि तथा संस्थागत संयन्त्रको बिकास गरी स्वीकृत गर्नेछ ।

## धारा - १८

## पक्षहरुको सम्मेलन

१. यस महासन्धिवाट पक्षहरुको सम्मेलन स्थापना गरिएको छ ।

२. पक्षहरुको सम्मेलनको पहिलो बैठक यो महासन्धि लागू भएको एक बर्षभन्दा ढिला नहुने गरी संयुक्त राष्ट्र संघीय बातावरणीय कार्यक्रम ( यू.एन.ई.पी.) को कार्यकारी निर्देशक र संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन (एफ.ए.ओ.) का महानिर्देशकद्धारा संयुक्त रुपमा आयोजना गरिनेछ । त्यसपछि पक्षहरुको सम्मेलनको साधारण बैठकहरु सम्मेलनले निर्धारण गरे अनुसारको अन्तरालमा बस्नेछ ।

३. पक्षहरुको सम्मेलनको बिशेष बैठकहरु सम्मेलनले आवश्यक ठानेका बखत वा कुनै पक्षको लिखित अनुरोध सक्नेछ । तर त्यस्तो अनुरोध कम्तीमा एक तिहाई पक्षवाट समर्थित भएको हुनु पर्नेछ ।

४. पक्षहरुको सम्मेलनले सर्वसम्मतिवाट यसको पहिलो बैठकमा आफ्नो र सहायक निकायहरुको लागि कार्यविधि सम्बन्धी नियमहरु र आर्थिक

नियमहरुका साथै सचिवालयको कार्य संचालन गर्न आर्थिक ब्यवस्थाहरु स्वीकार गरी पारित गर्नेछ ।

५. पक्षहरुको सम्मेलनले यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा निरन्तर रुपमा समीक्षा तथा मूल्यांकन गर्नेछ । पक्षहरुको सम्मेलनले महासन्धिद्वारा यसलाई सुम्पिएको कार्यहरु सम्पादन गर्नेछ र यस उद्देश्यको लागि :

क) यस महासन्धिको कार्यान्वयनको निमित्त यस पछिको उपधारा छ मा उल्लिखित आवश्यक ठानिएका सहायक निकायहरुको स्थापना गर्नेछ,

ख) सक्षम अन्तर्राष्ट्रिय संगठनहरु र अन्तर सरकारी तथा गैर सरकारी निकायहरु बीच उपयुक्ततानुसार सहयोग गर्नेछ,

ग) यस महासन्धिको उद्देश्य हासिल गर्नका लागि आवश्यक पर्नै कुरालाई बिचार गरी कुनै अतिरिक्त कार्य गर्नेछ ।

६. पक्षहरुको सम्मेलनको पहिलो बैठकले महासन्धिद्वारा तोकिए बमोजिम काम सम्पन्न गर्ने प्रयोजनको लागि "रसायन समीक्षा समिति" नामक एक सहायक निकायको स्थापना गर्नेछ । यस सम्बन्धमा :

क) उक्त रसायन समीक्षा समितिका सदस्यहरुको नियुक्ति पक्षहरुको सम्मेलनवाट हुनेछ । समितिको सदस्यमा सीमित संख्यामा सरकारद्वारा नियुक्त रसायनको ब्यवस्थापन गर्ने बिशेषज्ञहरु रहनेछन्

। समितिका सदस्यहरु समानुपातिक भौगोलिक बिभाजनको आधारमा बिकसित एवं बिकासोन्मुख पक्ष राज्यहरु बीच सन्तुलन कायम हुने गरी नियुक्ति गरिनेछ ।

ख) पक्षहरुको सम्मेलनले समितिको कार्य क्षेत्रगत शर्तहरु (टर्मस अफ रिफरेन्स) संगठन र सञ्चालनका सम्बन्धमा निर्णय गर्नेछ ।

ग) समितिले आफ्नो सिफारिशलाई सर्वसम्मत गराउन हरेक प्रयासहरु गर्नेछ । सर्वसम्मत कायम गर्न पूरा गर्दा पनि हरेक प्रयास सर्वसम्मत नभएमा अन्तिम उपायको बैठकमा उपस्थित सदस्यहरुको बहुमतद्धारा सिफारिश गरिनेछ ।

७. संयुक्त राष्ट्र संघ, यसका बिशिष्टकृत निकायहरु र अन्तर्राष्ट्रिय आणविक उर्जा निकाय एवं यस महासन्धिका पक्ष नभएका कुनै राज्यले पक्षहरुको सम्मेलनको बैठकमा पर्यवेक्षकको रुपमा भागलिन सक्नेछन् । यस महासन्धिवाट नियमित भएका बिषयहरुमा योग्य भएका राष्ट्रिय वा अन्तर्राष्ट्रिय, सरकारी वा गैर सरकारी जुनसुकै निकाय वा एजेन्सी र पक्षहरुको सम्मेलनको बैठकमा आफू पर्यबेक्षकको रुपमा भाग लिने इच्छा गरी सचिवालयलाई सोको जानकारी दिने त्यस्ता निकाय वा एजेन्सीलाई उपस्थित पक्षहरु मध्ये कम्तीमा एक तिहाई पक्षहरुले बिरोध गरेकोमा बाहेक सो बैठकमा भाग लिन अनुमति दिन सकिनेछ । पर्यबेक्षाको बैठकमा प्रवेश तथा सहभागिता पक्षहरुको सम्मेलनबाट पारित गरिएको कार्यबिधि सम्बन्धी नियमको अधीनमा रहनेछ ।

नेपाल कानून आयोग

## धारा - १९

## सचिवालय

१. सचिवालयको स्थापना गरिएको छ ।

२. सचिवालयका कार्यहरु देहाय बमोजिम हुनेछन् :

क) पक्षहरुको सम्मेलन र यसका सहायक निकायहरुको बैठकको प्रबन्ध गर्ने र त्यसलाई आवश्यकतानुसारको सेवा प्रदान गर्ने,

ख) पक्षहरुको अनुरोधमा यस महासन्धिको कार्यान्वयनमा खासगरी बिकासोन्मुख वा संक्रमणकालिन अर्थतन्त्र भएका पक्षहरुलाई सहायता पु-याउने,

ग) अन्य सम्बन्धित अन्तर्राष्ट्रिय निकायक सचिवालयहरुसंग आवश्यक सुनिश्चित गर्ने,

घ) पक्षहरुको सम्मेलनले दिएको समग्र मार्ग दर्शन अन्तर्गत रही आफ्ना कार्यहरु प्रभावकारी रुपले गर्न आवश्यक पर्ने प्रशासनिक एवं करार प्रबन्धहरु गर्ने, र

ङ) यस महासन्धिमा तोकिएका सचिवालयका अन्य कार्यहरु तथा पक्षहरुको सम्मेलनवाट निर्धारण हुने अन्य कार्यहरु गर्ने ।

नेपाल कानून आयोग

३. यस महासन्धिको निमित्त सचिवालयको कार्यहरु संयुक्त राष्ट्र संघीय बातावरण कार्यक्रम (यू.एन.इ.पि.) का कार्यकारी निर्देशक र संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि स.गठन (एफ.ए.ओ.) का महानिर्देशकले संयुक्त रुपमा तिनीहरुद्धारा मञ्जुर गरिएको र पक्षहरुको सम्मेलनद्धारा स्वीकृत गरिएको प्रावधानहरुको अधीनमा रही सम्पन्न गरिनेछ ।

४. सचिवालयले अपेक्षा गरिए अनुसारको काम नगरेको पाईएमा पक्षहरुको सम्मेलनले उपस्थित र मतदान गर्ने पक्षहरुको तीन चौथाई बहुमतद्धारा सचिवालयको काम एक वा बढी सक्षम अन्तर्राष्ट्रिय संगठनहरुलाई सुम्पने निर्णय गर्न सक्नेछ ।

**धारा - २०**

**बिवादको समाधान**

१. यस महासन्धिको कार्यान्वयन एवं व्याख्याको सम्बन्धमा पक्षहरु बीच उठेको बिवाद वार्ता वा पक्षहरुले रोजेको अन्य शान्तिपूर्ण उपायद्धारा समाधान गरिनेछ । यस महासन्धिको अनुमोदन, समर्थन, स्वीकृति गर्दा वा सम्मिलन हुँदाका बखत वा त्यसपछि कुनै पनि बखतमा क्षेत्रीय आर्थिक एकीकरण संगठन बाहेकको अन्य कुनै पक्षले यस महासन्धिको व्याख्या वा कार्यान्वयन सम्बन्धी कुनै पनि बिवादका सम्बन्धमा यस महासन्धि बमोजिम त्यस्तै दायित्व बहन गरिरहेका कुनै पनि पक्षहरुका सम्बन्धमा देहायका कुन एक वा दुबै माध्यमहरुलाई बिवाद समाधानको अनिवार्य माध्यमको रुपमा मान्यता दिने कुरा लिखित रुपमा अभिलेख अधिकारी समक्ष पेश गरेको घोषणा गर्न सक्नेछ ।

नेपाल कानून आयोग

क)	पक्षहरुको सम्मेलनद्धारा यथाशक्य चाँडो पारित गरिने अनुसूचीमा उल्लिखित कार्यविधि अनुसारको मध्यस्थता वा

ख)	सो बिवाद अन्तर्राष्ट्रिय अदालत समक्ष पेश गर्ने ।

२.	क्षेत्रीय आर्थिक एकीकरण संगठनमा रहेको पक्षले उपधारा २ को खण्ड (क) मा उल्लिखित कार्यविधि अनुसार मध्यस्थता सरह लागू हुने गरी घोषणा गर्न सक्नेछ ।

३.	उपधारा २ बमोजिम गरिएको घोषणा यसको शर्त अनुसारको अवधि समाप्त नभएसम्म वा यसलाई फिर्ता लिएको कुराको लिखित सूचना अभिलेख अधिकारी समक्ष दाखिला भएको मितिले तीन महिनासम्म कायम रहनेछ ।

४.	बिवादका पक्षहरुले अन्यथा मञ्जुरी गरेकोमा बाहेक कुनै घोषणाको अवधि व्यतित भएको, फिर्ता लिएको सूचना वा नयाँ घोषणाले मध्यस्थता सम्बन्धी न्यायाधीकरण वा अन्तर्राष्ट्रिय अदालतमा बिचाराधीन रहेको कारवाहीमा कुनै पनि किसिमले असर पर्ने छैन ।

५.	बिवादका पक्षहरुले उपधारा २ बमोजिम एकै वा कुनै कार्यविधी स्वीकार नगरेमा र निजहरु बीच बिवाद छ भन्ने कुराको सूचना एक पक्षले अर्को पक्षलाई दिएको मितिले बाह्र महिना भित्र पयिन निजहरुले आफ्नो बिवाद समाधान गर्न सकेनन् भन्ने बिवादका पक्षहरुमध्ये कुनै पक्षको अनुरोधमा

नेपाल कानून आयोग

सो बिवाद मेलमिलाप अयोग समक्ष पेश गरिनेछ । मेलमिलाप आयोगले सिफारिश सहित प्रतिवेकदन दिनेछ । मेलमिलाप आयोग सम्बन्धी कार्यबिधिहरु पक्षहरुको सम्मेलनद्धारा यसको दोश्रो बैठक भन्दा ढिला नहुने गरी पारित गरिने अनुसूचीमा समावेश गरिनेछ ।

**धारा - २१**

**महासन्धिको संशोधन**

१. कुनै पनि पक्षले यस महासन्धिको संशोधन प्रस्ताव गर्न सक्नेछ ।

२. यस महासन्धिको संशोधन पक्षहरुको सम्मेलनको बैठकमा गरिनेछ । सचिवालयले संशोधनको प्रस्तावको प्रति संशोधन पारित गर्नका लागि बैठक बस्नु भन्दा कम्तीमा छ महिना अगाडिनै पक्षहरुलाई सम्प्रेषण गर्नेछ । सचिवालयले प्रस्ताविक संशोधनको प्रति यस महासन्धिमा हस्ताक्षर गर्ने पक्षहरुलाई समेत र जानकारीको लागि अभिलेख अधिकारीलाई सम्प्रेष गर्नेछ,

३. यस महासन्धिको संशोधनको प्रस्ताव उपर सर्बसम्मत रुपबाट सहमतिमा पुग्न पक्षहरुले हरेक प्रयास गर्नेछन् । सहमतिमा पुग्ने सम्पूर्ण प्रयासहरु पूरा भएता पनि सहमतिमा पुग्न नसकिएमा अन्तिम उपायको रुपमा उपस्थिति भई मतदान गर्ने पक्षहरुको दुई तिहाई बहुमतबाट संशोधन पारित गरिनेछ ।

४. संशोधन अनुमोदन, समर्थन वा स्वीकृतिको लागि अभिलेख अधिकारीद्धारा सम्पूर्ण पक्षहरुलाई सम्प्रेषण गरिनेछ ।

५. संशोधनको अनुमोदन, समर्थन वा स्वीकृतिको सूचना अभिलेख अधिकारीलाई लिखित रुपमा दिनु पर्नेछ । उपधारा ३ बमोजिम स्वीकृत संशोधन कम्तीमा तीन चौथाई पक्षहरुले अनुमोदन, समर्थन वा स्वीकृतिका लिखतहरु अभिलेख अधिकारी समक्ष दाखिल गरेको नब्वेऔं दिनमा त्यस्ता पक्षहरुको निमित्त लागू हुनेछ । त्यसपछि अन्य पक्षहरुको निमित्त संशोधनको अनुमोदन, समर्थन वा स्वीकृतिको लिखित अभिलेख अधिकारी समक्ष दाखिला गरेको मितिले नब्वेऔं दिनमा त्यस्तो पक्षको लागि सो संशोधन लागू हुने छ ।

## धारा - २२

## अनुसूचीहरु पारित गर्ने र संशोधन

१. यस महासन्धिका अनुसूचीहरु यसका अभिन्न अंगको रुपमा रहनेछन् र स्पष्ट रुपमा अन्यथा ब्यवस्था गरिएकोमा बाहेक यस महासन्धिको कुनै पनि उल्लेखन सोही बखत त्यसको कुनै पनि अनुसूचीको उल्लेखनको समेत बिषय बन्नेछ ।

२. अनुसूचीहरु कार्यविधिगत, बैज्ञानिक, प्राविधिक तथा प्रशासनिक कुराहरुमा सीमित रहनेछन् ।

३. यस महासन्धिका थप अनुसूचीहरुको प्रस्ताव, पारित र आरम्भका सम्बन्धमा देहाय बमोजिमका कार्यविधि लागू हुनेछन्:

क) धारा २१ को उपधारा १,२,र ३ मा उल्लिखित कार्यविधि अनुसार थप अनुसूचीको प्रस्ताव गरी पारित गरिनेछ ।

ख) थप अनुसूची स्वीकार गर्न असमर्थ रहेको कुनै पक्षले अभिलेख अधिकारीले त्यस्तो थप अनुसूची पारित गरेको जानकारी दिएको मितिले एक बर्ष भित्र सो कुराको लिखित सूचना अभिलेख अधिकारी समक्ष दिनु पर्नेछ । अभिलेख अधिकारीले आफूलाई प्राप्त भएको सूचना सम्पूर्ण पक्षहरुलाई अविलम्ब जानकारी गराउनु पर्नेछ । कुनै पक्षले थप अनुसूची स्वीकार नगरेको सम्बन्धमा दिएको अघिल्लो सूचना जुनसुकै बखत पनि फिर्ता लिन सक्नेछ र त्यसपछि अनुसूची त्यस्तो पक्षको निमित्त देहायको खण्ड (ग) का अधिनमा रही तुरुन्त लागू हुनेछ ।

ग) थप अनुसूची पारित गरेको जानकारी अभिलेख अधिकारले दिएको मितिले एक बर्षको अवधि भुक्तान भएपछि सो अनुसूची खण्ड (ख) को प्रावधान बमोजिम सूचना पेश नगर्ने सम्पूर्ण पक्षहरुलाई लागू हुनेछ ।

४. अनुसूची - ३ को हकमा बाहेक महासन्धिका अनुसूचीहरुको संशोधनको प्रस्ताव पारित गर्ने कार्य र प्रारम्भ सम्बन्धी कुरा यस महासन्धिमा थप

नेपाल कानून आयोग

अनुसूचीहरुको प्रस्ताव पारित गर्ने र प्रारम्भ सम्बन्धी कार्यविधि अनुसार नै हुनेछ ।

५. अनुसूची - ३ को संशोधन प्रस्ताव पारित गर्ने कार्य र प्रारम्भका सम्बन्धमा देहायको कार्यविधि लागू हुनेछ
:

क) अनुसूची - ३ को संशोधन धारा ५ देखि ९ र धारा २१ को उपधारा २ मा उल्लिखित कार्यविधि अनुसार प्रस्ताव गरी पारित गरिनेछ ।

ख) पक्षहरुको सम्मेलनले यसको पारित गर्ने सम्बन्धी निर्णय सर्वसम्मत रुपले गर्नेछन् ।

ग) अभिलेख अधिकारीले अनुसूची - ३ को संशोधन सम्बन्धी निर्णयको जानकारी पक्षहरुलाई तुरुन्त दिनेछ । संशोधन सम्पूर्ण पक्षहरुको निमित्त निर्णयमा उल्लेख गरिने मितिदेखि प्रारम्भ हुनेछ ।

६. थप अनुसूची वा अनुसूचीको संशोधन यस महासन्धिको संशोधनसंग सम्बन्धित देखिएमा त्यस्तो थप अनुसूची वा संशोधन यस महासन्धिको संशोधन प्रारम्भ नभएसम्म प्रारम्भ हुनेछैन ।

नेपाल कानून आयोग

## धारा - २३

### मतदान

१. देहायको उपधारा २ मा अन्यथा ब्यवस्था भएकोमा बाहेक यस महासन्धिको प्रत्येक पक्षलाई एउटा मत दिने अधिकार हुनेछ ।

२. क्षेत्रीय आर्थिक एकीकरण संगठनले आफ्नो सक्षमताको बिषयमा मतदान गर्दा यस महासन्धिको पक्ष रहेका सदस्य संख्या बराबरको संख्यामा मतदान गर्ने अधिकार प्रयोग गर्नेछ । यस्तो संगठनका कुनै सदस्य राज्यले आफ्नो मताधिकारको प्रयोग गरेमा त्यस्तो संगठनले मताधिकार प्रयोग गर्ने छैन र त्यस्तो संगठनले आफ्नो मताधिकारको प्रयोग गरेमा त्यस्तो राज्यले मतदानको अधिकार प्रयोग गर्ने छैन ।

३. यस महासन्धिको प्रयोजनको निमित्त "उपस्थित भई मतदान गर्ने पक्षहरु" भन्नाले उपस्थित भई सकारात्मक वा नकारात्मक मत दिने पक्षहरुलाई सम्झनु पर्छ ।

## धारा - २४

### हस्ताक्षर

यो महासन्धिमा सम्पूर्ण राज्यहरु र क्षेत्रीय आर्थिक एकीकरण संगठकनहरु बाट हुने हस्ताक्षरको निमित्त सम्बत २०५५ साल भाद्र २६ गते तद्नुसार ११ सेप्टेम्बर १९९८ मा रोटरडाममा र सम्बत् २०५५ भाद्र २७ गते देखि सम्बत् २०५६ साल भाद्र २५ गते अनुसार १२ सेप्टेम्बर १९९८ देखि १० सेप्टेम्बर १९९९ सम्म संयुक्त राष्ट्र संघको प्रधान कार्यालय न्यूयोर्क खुला राखिनेछ ।

नेपाल कानून आयोग

## धारा - २५
## अनुमोदन, समर्थन, स्वीकृति र सम्मिलन

१. यो महासन्धि राज्यहरु र क्षेत्रीय आर्थक एकीकरण संगठनहरु बाट अनुमोदन, समर्थन र स्वीकृति गर्नु पर्नेछ । यो महासन्धिमा हस्ताक्षर गर्ने मिति समाप्त भएको दिनदेखि राज्यहरु र क्षेत्रीय आर्थीक एकीकरण संगठनबाट हुने सम्मिलनको निमित्त खुल्ला गरिनेछ । अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको लिखत अभिलेख अधिकारी समक्ष दाखिला गरिनेछ ।

२. आफ्ना सदस्य राज्यहरु पक्ष नभई कुनै क्षेत्रीय आर्थिक एकीकरण संगठन यस महासन्धिको पक्ष भएमा त्यस्तो संगठनले यस महासन्धि अन्तर्गतका सम्पूर्ण दायित्वहरुबाट बन्धनकारी हुनेछ । त्यस्तो संगठनको एक वा सो भन्दा बढी सदस्य राज्यहरु यस महासन्धिको पक्ष भएमा त्यस्तो संगठन वा सदस्य राज्यले यस महासन्धि अन्तर्गतका आफ्नो दायित्व पूरा गर्नको लागि आ-आफ्नो जिम्मेवारीको सम्बन्धमा निर्णय गर्नेछन् । त्यस्तो अबस्थामा त्यस्तो संगठन र सदस्य राज्यहरुले एकैसाथ यस महासन्धि अन्तर्गतका अधिकारहरुको प्रयोग गर्न सक्ने छैनन् ।

३. क्षेत्रिय आर्थिक एकीकरण संगठनले आफ्नो अनुमोदन, समर्थन, स्वीकृति र सम्मिलनको लिखतमा यस महासन्धिद्धारा नियमित भएका कुराहरुका सम्बन्धमा आफू कति हदसम्म सक्षम छ भन्ने कुराको घोषणा गर्नेछ । त्यस्तो संगठनले आफ्नो सक्षमताको हद सम्बन्धमा भएको सम्बद्ध

नेपाल कानून आयोग

परिवर्तनको जानकारी अभिलेख अधिकारीलाई समेत गराउनेछ र पछि अभिलेख अधिकारीलाई पक्षहरुले सो कुराको जानकारी गराउनेछ ।

### धारा - २६

### प्रारम्भ

१. प्रस्तुत महासन्धि यसको अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको पचासौं लिखत दाखिला भएको मितिले नब्बेऔं दिनमा प्रारम्भ हुने छ ।

२. यस महासन्धिको अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको पचासौं लिखित दाखिला भएपछि यस महासन्धिको अनुमोदन, समर्थन स्वीकृति वा यसमा सम्मिलन गर्ने प्रत्येक राज्य वा क्षेत्रीय, आर्थिक एकीकरण संगठनले आफ्नो अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको लिखित दाखिला गरेको मितिले नब्बेऔं दिनमा यो महासन्धि प्रारम्भ हुनेछ ।

३. उपधारा १ र २ को प्रयोजनको निमित्त क्षेत्रीय आर्थिक एकीकरण संगठनद्धारा दाखिला गरिएको अनुमोदन, समर्थन, स्वीकृति वा सम्मिलनको कुनै लिखत सो संगठनको सदस्य राज्यले दाखिला गरेको अतिरिक्त लिखितको रुपमा गणना गरिनेछैन ।

### धारा - २७

### आरक्षण

यस महासन्धिमा आरक्षण राख्न सकिने छैन ।

नेपाल कानून आयोग

## धारा - २८

## अलग हुने

१. कुनै पक्षका निमित्त यो महासन्धि प्रारम्भ भएको मितिले तीन बर्ष पछि त्यस्तो पक्षले कुनै पनि बखत अभिलेख अधिकारीलाई लिखित सूचना दिई यस महासन्धिबाट अलग हुन सक्नेछ ।

२. यसरी अलग भएको कुनैपनि सूचना अभिलेख अधिकारीले प्राप्त गरेको मितिले एकबर्ष भुक्तान भएपछि वा फिर्ता लिएको सूचनामा तोकिएको मितिदेखि सो प्रभावकारी हुनेछ ।

## धारा - २९

## अभिलेख अधिकारी

संयुक्त राष्ट्र संघको महासचिव यस महासन्धिको अभिलेख अधिकारी हुनेछ ।

## धारा - ३०

## प्रामाणिक प्रतिहरु

यस महासन्धिका अबी, चिनियां, अंग्रेजी, फ्रासिसी, रुसी र स्पेनीस भाषाका सक्कल प्रतिहरु समानरुपले प्रामाणिक हुनेगरी संयुक्त राष्ट्र संघको महासचिव समक्ष अभिलेख गरिनेछन् । यसको प्रमाण स्वरुप यस प्रयोजनको निमित्त बिधिवत अधिकार प्राप्त देहायका हस्ताक्षरकारीहरुले यस महासन्धिमा हस्ताक्षर सम्पन्न गरेका छन् ।

नेपाल कानून आयोग

आज सम्बत् २०५५ साल भाद्र २५ गते तद्नुसार १० सेप्टेम्वर १९९८ का दिन रोटरडाममा सम्पन्न भयो ।

नेपाल कानून आयोग

## अनुसूची - १

## धारा ५ बमोजिम दिइएको सूचनाका जानकारीका शर्तहरु :

सूचनामा देहायका कुराहरु समावेश हुनु पर्नेछ :

१. गुणहरु, पहिचान र प्रयोग :

क) सामान्य नाम :

ख) अन्तर्राष्ट्रिय मान्यता प्राप्त नामाकरण गरिएको रासायनिक नाम ( जस्तैः शर्तहरु एवं उपयोगी रसायनको अन्तर्राष्ट्रिय संघ ( आई.यु.पी.ए.सी.) जहाँ यस्तो वस्तुको नाम प्रचलित छ :

ग) ब्यापारिक नाम र तैयारी नाम :

घ) संकेत नम्बर : रसायन अमूर्त सेवा (सि.ए.एस) नं समदर प्रणालीको भन्सार संकेत तथा अन्य नम्बर :

ङ) रसायनको बर्गीकरण गर्नु पर्ने आवश्यकता भएमा हानीको बर्गीकरण सम्बन्धी जानकारी :

च) रसायनको प्रयोग वा प्रयोगहरु :

नेपाल कानून आयोग

छ)  भौतिक रसायन बस्तुको स्वरुप बिषाक्त तथा बातावरणीय बिषाक्तका गुणहरु :

२. अन्तिम नियमनकारी कारवाही :

क)  अन्तिम नियमनकारीको साराशं :

१)  अन्तिम नियमनकारी कारवाहीको साराशं :

२)  नियमनकारी कागजको सन्दर्भ :

३)  अन्तिम नियमनकारी कारवाही प्रारम्भ भएको मिति

४)  जोखिम वा हानीको मूल्यांकनको आधारमा अन्तिम नियमनकारी कारवाही गरिएको हो वा होइन भन्ने बारेमा संकेत र सो बमोजिम गरिएको भए त्यस प्रकारको मूल्यांकन सम्बन्धी सन्दर्भ समेटिएको सम्बद्ध दस्तावेजको जानकारी,

५)  स्वास्थ्य सेवाका उपभोक्ता र कामदारहरुको स्वास्थ्य लगायत मानव स्वास्थुय वा बातावरणसंग सम्बद्ध अन्तिम नियमनकारी कारवाहीका लागि कारणहरु,

नेपाल कानून आयोग

६) रसायनले मानव एवं उपभोक्ता र कामदारहरुको स्वास्थ्य वा बातावरणमा पु-याएको हानी तथा जोखिमहरु र अन्तिम नियमनकारी कारवाहीबाट हुने अपेक्षित असरको संक्षेप,

ख) अन्तिम नियमनकारी कारवाही गरिएको बर्ग वा वर्गहरु तथा प्रत्येक वर्णको निमित्त :

१) प्रयोग वा प्रयोगहरुमा अन्तिम नियमनकारी प्रतिबन्ध लगाईएको भए,

२) अनुमति दिईएका, प्रयोग वा प्रयोगहरु, पैठारी भएका, निकाशी भएका तथा प्रयोग भएका,

३) उत्पादन, पैठारी, निकाशी एवं प्रयोग गरिएको रसायनको प्राप्त भएसम्मको परिमाणको अनुमान,

ग) अन्य राज्य तथा क्षेत्रहरुमा अन्तिम नियमनकारी कारवाहीसंग मिल्दोजुल्दो सम्बन्ध राख्ने सम्भव भए सम्मको संकेत,

घ) अन्य सम्बद्ध जानकारी जसले देहायका कुराहरु समेट्न सक्छ,

१) अन्तिम नियमनकारी कारवाहीको सामाजिक एवं आर्थिक प्रभावको मूल्यांकन,

नेपाल कानून आयोग

२)	बिकल्पहरु वा त्यसको अपेक्षित जोखिमहरु बारे प्राप्त भए सम्मको जानकारी जस्तै :

- कीट ब्यवस्थापन सम्बन्धी एकिकृत रणनीतिहरु
-
- औद्योगिक ब्यवहार एवं प्रकृयाहरुका साथै सरसफार्य प्रविधि

नेपाल कानून आयोग

नेपाल कानून आयोग

## अनुसूची - २

## प्रतिवन्धित अथवा कठोर रुपमा निषेधित रसायनहरु

अनुसूची - ३ मा सूचीकृत गर्ने मापदण्डहरु सचिवालयले धारा ५ को उपधारा ५ बमोजिम पठाएको सूचनाहरुको समीक्षा गर्दा रसायन समीक्षा समितिले :

क) मानव स्वास्थ्य एवं बातावरणको सुरक्षाको निमित्त नियमनकारी कारवाही गरिएको पुष्टि गर्नेछ,

ख) जोखिम मूल्यांकनको परिणामको रुपमा अन्तिम नियमनकारी कारवाही गरिएको भन्ने कुरा स्थापित गर्नेछ । उक्त मूल्यांकन प्रश्न उठाईएको पक्षकहाँ प्रचलित अवस्थाहरुको सन्दर्भमा पाईएको बैज्ञानिक तथ्यांकको समीक्षामा आधारित हुनेछ । यसको प्रयोजनको निमित्त उपलब्ध गराईएको दस्तावेजहरुले देहायका कुराहरु दर्शाउनेछन् :

१) तथ्यांक बैज्ञानिकरुपले मान्यता प्राप्त तरिका अनुसार तयार पारिएको छ :

२) तथ्यांकको समीक्षा, सामान्यतया मान्यता प्राप्त बैज्ञानिक सिद्धान्त र कार्यविधि अनुसार सम्पन्न गरी लिपिवद्ध गरिएको छ ।

३) अन्तिम नियमनकारी कारवाही पक्षहरुले गरेको कारवाहीको बर्तमान अबस्थासंग सम्बन्धित जोखिमका मूल्यांकनमा आधारित थियो ।

ग) अन्तिम नियमनकारी कारवाहीले रसायनलाई सर्बोत्तम तरिकाले अनुसूची - ३ मा सूचीकृत गर्न पर्याप्त रुपमा व्यापक आधार प्रदान गरेको छ वा छैन भन्ने बारेमा निम्न कुराहरुलाई ध्यानदिनु पर्नेछ,

१) अन्तिम नियमनकारी कारवाहीले रसायनको प्रयोगको मात्रा वा यसको प्रयोगको संख्या उल्लेख्य रुपमा क मगर्न निर्देशित गरेको छ वा छैन व ागर्ने अपेक्षाराखिएको छ वा छैन ?

२) अन्तिम नियमनकारी कारवाहीले वास्तविक जोखिम क मगर्न अग्रणी भूमिका निर्वाह गरेको छ वा छैन वा सूचना पेश गर्ने पक्षको मानव स्वास्थ्य एवं बातावरणको निमित्त उल्लेखनिय रुपमा जोखिम घटाउने परिणामको अपेक्षा राखिएको छ वा छैन ?

३) जारी रहेको अन्तिम नियमनकारी कारवाही सीमित भौगोलिक क्षेत्रमा वा अन्य सीमित परिस्थितिमा मात्र लागू हुने गरिएको छ भन्ने कुरा तर्फ ध्यान दिईको छ वा छैन ?

४) रसायनको अन्तर्राष्ट्रिय ब्यापार भइरहेको भन्ने बारेको प्रमाण छ वा छैन ?

घ) नियोजित दुरुपयोग आफैंमा कुनै रसायन अनुसूची - ३ मा सूचीकृत गर्ने पर्याप्त कारण होइन भन्ने कुरालाई मनन् गर्नेछ ।

नेपाल कानून आयोग

## अग्रिम जानकारी गराउने बारे स्वीकृत कार्यविधि अन्तर्गतका रसायनहरु

| रसायन | सम्बद्ध सि.ए.एस. संख्या | बर्ग |
|---|---|---|
| २,४,५-टि र यसको नून तथा इष्टर्सको तह | ९३-७६-५ | जीवनाशक बिषादी |
| एलड्रिन | ३०९-००-२ | जीवनाशक बिषादी |
| बाइनाप्याट्रिक | ४८५-३१-४ | जीवनाशक बिषादी |
| क्याप्टाफोल | २४२५-०६-१ | जीवनाशक बिषादी |
| क्लोरडेन | ५७-७४-९ | जीवनाशक बिषादी |
| क्लोरडामफर्म | ६१६४-९८-३ | जीवनाशक बिषादी |
| क्लोरोवेन्जीलेट | ५१०-१५-६ | जीवनाशक बिषादी |
| डि.डि.टी. | ५०-२९-३ | जीवनाशक बिषादी |
| डेलड्रिन | ६०-५७-१ | जीवनाशक बिषादी |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| डिनिट्रो अर्थी क्रेसेल (डिएनओसी) तथा यसको नूनका तत्वहरु (जस्तै एम्मोनियम साल्ट, पोटासियम साल्ट एवं सोडियम साल्ट | ५३४-५२-१<br>२९८०-६४-५<br>५७८७-९६-२<br>२३१२-७६-७ | जीवनाशक बिषादी<br>जीवनाशक बिषादी<br>जीवनाशक बिषादी<br>जीवनाशक बिषादी |
| डाइनोसेव तथा यसका साल्ट र इस्टर्स | ८८-८५-७ | जीवनाशक बिषादी |
| १.२ डाइब्रोमोथेन (इ.डि.वी.) | १०६-९३-४ | जीवनाशक बिषादी |
| इथिलियन डाइक्लोराइड | १०७-०६-२ | जीवनाशक बिषादी |
| इथिलियन अक्साइड | ७५-२१-८ | जीवनाशक बिषादी |
| फ्लोरोसेटामाइड | ६४०-१९-७ | जीवनाशक बिषादी |
| एच.सि.एच. (मिश्रित आइसोमर्स) | ६०८-७३-१ | जीवनाशक बिषादी |
| हेप्टाक्लोर | ७६-४४-८ | जीवनाशक बिषादी |
| हेक्साक्लोरोबेन्जेन | ११८-७४-१ | जीवनाशक |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | बिषादी |
| लिनडेन | ५८-८९-९ | जीवनाशक बिषादी |
| मर्करीका मिश्रणहरु र अप्राङ्गारिक मर्करीक मिश्रणहरु समेत, अल्कील मर्करी मिश्रणहरु एवं अल्काइलोजाई अल्काइल (Alkyloxyalkyae) र एरिल मर्करीका मिश्रणहरु | | जीवनाशक बिषादी |
| मोनोक्रोटोफोस<br>प्यारावियन<br>पेष्टाक्लोरोफिनेल र यसका साल्ट एवं इस्टर्स | ६९२३-२२-४<br>५६-३८-२<br>८७-८६-५ | जीवनाशक बिषादी<br>जीवनाशक बिषादी<br>जीवनाशक बिषादी |
| टेक्सापेन | ८००१-३५-२ | जीवनाशक बिषादी |
| निम्न तत्वहरु मिश्रित धूलो पाउडरको समिश्रण :<br><br>७ प्रतिशत वा सो भन्दा बढी बोनोमिल<br>१० प्रतिशत वा सो भन्दा बढी कार्बीफुरान<br>१५ प्रतिशत वा सो भन्दा बढी थिराम | १७८०४-३५-२<br>१५६३-६६-२<br>१३७-२६-८ | अति हानिकारक जीवनाशक बिषादीको समिश्रण |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| मानोक्रोटोफोस (घोलनसिल पदार्थको समिश्रण, जसमा ६०० ग्राम भन्दा बढी क्रियाशील तत्वहरु हुन्छन्) | १०२६५-९२-६ | अति हानिकारक जीवनाशक बिषादीको समिश्रण |
| फोसफामाइडन (घोलनसिल पदार्थको समिश्रण जसमा १००० ग्राम भन्दा बढी क्रियाशील तत्वहरु हुन्छन्) | १३१७१-२१-६ मिश्रण (इ) र (जेड) आइसोमर्स) (जेड) आइसोमर) २९७-९९-४ मिश्रण (इ) आइसोमर | अति हानिकारक जीवनाशक बिषादीको समिश्रण |
| मिथाईल प्याराथिन (कीटनाशक औषधिमा प्रयोग हुने बिषादी तेल (इ.सी.) (१९.५ प्रतिशत वा सो भन्दा बढी क्रियाशील तत्व तथा १.५ प्रतिशत वा सो भन्दा बढी धूलो क्रियाशील तत्व भएको | २९८-००-० | अति हानिकारक जीवनाशक बिषादीको समिश्रण |
| प्याराथिन (तैयारी क्याप्सुल (सि.एस.) बाहेकका सम्पूर्ण समिश्रणहरु, एरो सोल्स, धूलो पाउडर (डि.पी.) इमल्सिफायवल कन्सेन्ट्रेट (इ.सी.), ग्रानुएल्स (जि.आर.) र | ५६-३८-२ | अति हानिकारक जीवनाशक बिषादीको समिश्रण |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| भिज्ने पाउडर (डब्लु.पी.) साबिष्ट गरिएका छन् । | | |
| एस्बेटोस :<br>एक्टिनोलिट<br>एन्थोफाइलिट<br>एमोसिट<br>क्रोसिडोलिट<br>ट्रेमोलिट | ७७५३६-६६-४<br>७७५३६-६७-५<br>१२१७२-७३-५<br>१२००१-२८-४<br>७७५३६-६८-६ | औद्योगिक<br>औद्योगिक<br>औद्योगिक<br>औद्योगिक<br>औद्योगिक |
| पोलिब्रोमिनेटेड बाइफिनेल (पि.वि.वि.) | ३६३५५-०१-८<br>(हेक्सा)<br>२७८५८-०७-७<br>(अक्टा)<br>१३६५४-०९-६<br>(डेका) | औद्योगिक<br>औद्योगिक<br>औद्योगिक |
| पोलिक्लोरिनेटेड बाइफिनेल्स (पि.सि.वी.) | १३३६-३६-८ | औद्योगिक |
| पोलिक्लोरिनेटेड टरफिनेलस् (पि.सि.टी.) | ६१७८८-३३-८ | औद्योगिक |
| ट्रेटेइथिल लिड | ७८-००-२ | औद्योगिक |
| ट्रेटामिथायल लिड | ७५-७४-१ | औद्योगिक |
| ट्राइस (२,३- डाइब्रोमोप्रोपिल फोसफेट | १२६-७२-७ | औद्योगिक |

नेपाल कानून आयोग

मूल मिश्रणको टीएएस (CAS) मात्र सूचीकृत गरिएको छ । अन्य सम्बद्ध सीएएस नम्बरको सूचीकरणको लागि सम्बद्ध निर्णय मार्ग निर्देशिका दस्तावेजमा उल्लेख गर्न सकिनेछ ।

१ जनवरी २००६ देखि कार्यान्वयन गर्न गरिएको संशोधन

नेपाल कानून आयोग

## अनुसूची - ४

अनुसूची - ३ मा सूचीकृत गर्न अति हानिकारक जीवनाशक बिषादीको समिश्रणको जानकारी तथा मापदण्डहरु :

### भाग १

प्रस्ताव गर्ने पक्षवाट पूरा गर्नु पर्ने दस्तावेजहरु धारा ६ को उपधारा १ बमोजिम पेश गरिएको प्रस्तावहरुमा देहाय बमोजिमका जानकारी समावेश भएको दस्तावेज पर्याप्त मात्रामा समाबिष्ट हुनु पर्नेछ ।

क) हानिकारक जीवनाशक समिश्रणको नाम,

ख) समिश्रणमा रहेका कृयाशील तत्व वा तत्वहरुको नाम,

ग) समिश्रणमा रहेको प्रत्येक क्रियाशील तत्वको सापेक्षित परिमाण

घ) समिश्रणको किसिम,

ङ) व्यापारिक नाम र उत्पादकका नामहरु, उपलब्ध भएको भए:

च) प्रस्ताविक पक्षकहाँ रहेको समिश्रणको प्रयोग बारे सामान्य एवं मान्यता प्राप्त तरिका,

नेपाल कानून आयोग

छ) समस्यासंग सम्बन्धित घटनाको स्पष्ट बिवरणको साथै प्रतिकूल प्रभाव र समिश्रण प्रयोग गरिंदा को तरिका,

ज) प्रस्ताव गर्ने पक्षले त्यस्तो घटनाको प्रत्युत्तरमा गरेको व ागर्न चाहेको कुनै कानूनी, प्रशासकीय वा अन्य उपायहरु ।

**भाग - २**

सचिवालयले संकलन गर्नु पर्ने जानकारी सचिवालयले धारा ६ को उपधारा बमोजिम देहायका जानकारीका साथै समिश्रणसंग सम्बन्धित सम्बद्ध जानकारी संकलन गर्नेछ ।

क) समिश्रणको भौतिक - रसायन, बिषादी तथा बातावरणीय बिषादी सम्बन्धी गुणहरु,

ख) अन्य राज्यहरुमा ब्यवस्थापन वा प्रयोगकर्ता उपर लगाईएको प्रतिबन्धहरुको बिद्यमानता,

ग) अन्य राज्यहरुमा उक्त समिश्रणसंग सम्बन्धित घटनाहरु सम्बन्धी जानकारी,

घ) अन्य पक्षहरु, अन्तर्राष्ट्रिय संगठनहरु, गैर सरकारी संस्थाहरु तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय अन्य सम्बद्ध श्रोतहरुद्धारा पेश भएको जानकारी,

ङ) जोखिम वा हानीको मूल्यांकनको बिवरण भएको भए, सो बिवरण :

नेपाल कानून आयोग

च)	उक्त समिश्रणको दर्ताको संख्या वा उत्पादन तथा बिक्रीको परिणाम, जस्ता समिश्रणको संकेत तथा प्रयोगको हद उपलब्ध भएको भए सो कुरा :

छ)	त्यस्तो जीवनाशक बस्तुको अन्य समिश्रण सम्बन्धी कुनै घटना भए सो कुरा :

ज)	कीटनाशक बिषादी नियन्त्रणका बैकल्पिक अभ्यासहरु,

झ)	रसायन समीक्षा समितिले पहिचान गरेका सम्बद्ध अन्य जानकारीहरु ।

नेपाल कानून आयोग

**भाग - ३**

अति हानिकारक जीवनाशक वस्तुको समिश्रणलाई

अनुसूची - ३ मा सूचीकृत गर्ने आधारहरु :

सचिवालयले धारा ६ को उपधारा ५ बमोजिम पठाएको प्रस्तावहरुको पुनरावलोकन गर्दा रसायन समीक्षा समितिले देहायका कुराहरु बिचार गर्ने छ :

क) प्रतिवेदन गरिएको घटनामा प्रस्ताव गर्ने पक्षकहाँ कायम रहेको सामान्य वा मान्यता प्राप्त प्रचलन अनुसार देखिएको समिश्रण प्रयोग संकेत गर्ने प्रमाणको बिश्वसनीयता,

ख) एकै प्रकारको हावापानी र समिश्रण प्रयोग र अबस्था एवै तरिका भएका अन्य राज्यहरुमा भएको यस प्रकारको घटनाको सम्बद्धता,

ग) आवश्यक पूर्वाधारको अभाव भएका राज्यहरुमा उचित वा ब्यापक रुपमा प्रयोग हुन नसक्ने प्रविधि वा तरिका समावेश भएको ब्यवस्थापन वा प्रयोगकर्ता उपरको प्रतिबन्धको बिद्यमानता,

घ) प्रयोग भएको समिश्र(ाको मात्रासंग सम्बन्धित प्रतिवेदन गरिएको असरको महत्व,

ङ) नियोजित दुरुपयोग आफैंमा कुनै रसायन अनुसूची - ३ मा सूचीकृत गर्ने पर्याप्त कारण हुनेछैन ।

नेपाल कानून आयोग

## अनुसूची - ५

१. निकाशी सम्बन्धी सूचनामा देहायका जानकारी समावेश हुनुपर्नेछ :

क) निकाशीकर्ता तथा पैठारीकर्ता पक्षद्वारा नियुक्त सम्बद्ध राष्ट्रिय अधिकारीहरुको नाम र ठेगाना,

ख) पैठारी गर्ने पक्षलाई निकाशी गरिने अनुमानित मिति,

ग) प्रतिबन्धित वा कठोररुपमा निषेधित रसायनको नाम र धारा ५ बमोजिम सचिवालयलाई उपलब्ध गराउनु पर्ने अनुसूची - १ मा उल्लिखित जानकारीको साराशं । यस्तो रसायन कुनै मिश्रण वा तयारी पदार्थमा समावेश गरिएको भएमा सोको जानकारी प्रत्येक रसायनको निमित्त प्रदान गर्नु पर्नेछ,

घ) थाहा पाईएको भए रसायनको समूहको पूर्वाभास गर्ने र पैठारीकर्ता पक्षकहाँ त्यो समूहभित्र भविष्यमा त्यसको प्रयोग सम्बन्धी बिवरण,

ङ) रसायनको फैलावट र निष्काशनलाई क मगर्न अपनाउनु पर्ने पूर्व सावधानीका उपायहरु सम्बन्धी जानकारी,

च) कुनै मिश्रण वा तयारी बस्तुको हकमा प्रतिबन्धित वा कठोर रुपमा निषेधित रसायन वा बिवादित रसायनको गाढापना,

छ) पैठारीकर्ताको नाम र ठेगाना,

ज) निकाशी गर्ने पक्षद्धारा नियुक्ति गरिएको सम्बन्धित राष्ट्रिय अधिकारीलाई सहजरुपमा प्राप्त हुने कुनै थप जानकारी पैठारी गर्ने पक्षद्धारा नियुक्त राष्ट्रिय अधिकारीको लागि सहयोग हुनेछ ।

२. उपधारा १ मा उल्लिखित जानकारीका अतिरिक्त पैठारी गर्ने पक्षको अनुरोधमा निकाशी गर्ने पक्षले अनुसूची - १ मा उल्लिखित थप जानकारी उपलब्ध गराउनेछ ।

नेपाल कानून आयोग

## अनुसूची - ६

## बिवादको समाधान

**क) मध्यस्थता सम्बन्धी नियमहरु :**

अन्तर्राष्ट्रिय ब्यापारमा केही हानिकारक रसायन तथा जीवनाशक बिषादीको पूर्व जानकारी गराउने सहमतिको कार्यविधि सम्बन्धी रोटरडाम महासन्धिको धारा २० को उपधारा २ को खण्ड (क) को निमित्त मध्यस्थता सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ ।

### धारा - १

१) कुनै पक्षले बिवादको अर्को पक्षलाई महासन्धिको धारा २० बमोजिम लिखित सूचनाद्धारा सम्बोधन गरी मध्यस्थकर्ताको उपाय अपनाउन पहल गर्न सक्नेछ । त्यस्तो सूचनाको साथमा दावीको बिवरणका साथै कुनै पुष्ट्याईको कागजात संलग्न रहेको हुनु पर्नेछ र त्यसमा मध्यस्थताको निमित्त खासगरी बिवादमा रहेका महासन्धिको धाराहरु ब्याख्या वा प्रयोग लगायतका बिषयवस्तु समेत उल्लेख हुनु पर्नेछ ।

२) दावीकर्ता पक्षले धारा २० बमोजिम पक्षहरुले कुनै बिवादलाई मध्यस्थता समक्ष प्रस्तुत गर्न गईरहेको सूचना सचिवालयलाई दिने छ । दावीकर्ता पक्षको लिखित सूचनामा माथी उपधारा १ मा उल्लिखित दावीको बिवरण र पुष्ट्यांईको कागजात संलग्न रहेको हुनु पर्नेछ । यसरी प्राप्त जानकारी सचिवालयले सम्पूर्ण पक्षहरुलाई पठाउनेछ ।

नेपाल कानून आयोग

पक्षहरुको सम्मेलनको पहिलो बैठकद्धारा २४ सेप्टेम्बर २००४ मा गरिएको निर्णय नं. आर.सी. १/११ द्धारा पारित गरिएको ।

## धारा - २

१) दुई पक्षहरु बीचको बिवाद सम्बन्धमा मध्यस्थता न्यायाधिकरण स्थापना हुनेछ । यसमा तीनजना सदस्यहरु रहनेछन् ।

२) बिवादका प्रत्येक पक्षले एक-एक जथा मध्यस्थ नियुक्त गर्नेछन् र त्यसरी नियुक्त दुई जना मध्यस्थहरुले साझा सहमतिद्धारा तेस्रो मध्यस्थ तोक्नेछन् र तेस्रो मध्यस्थ न्यायाधिकरण अध्यक्ष हुनेछ । न्यायाधिकरणको अध्यक्ष बिवादका कुनै एक पक्षको नागरिकदायी पक्षहरु मध्ये कुनै एक पक्षको इलाकामा निजको नियमित बसोबास भएको, तिनीहरु मध्ये कुने पक्षद्धारा रोजगारी दिईएको वा अन्य कुनै हैसियतमा बिवादमा संलग्न रहेको हुनेछैन ।

३) दूई भन्दा बढी पक्षहरु बीचको बिवाद सम्बन्धमा एकै स्वार्थ भएका पक्षहरुले संयुक्त रुपमा सहमतिद्धारा एकजना मध्यस्थ नियुक्ति गर्ने छन् ।

४) रिक्त कुनै स्थानको पूर्ति शुरु नियुक्तिका लागि निर्धारित तरिका बमोजिम गरिनेछ ।

नेपाल कानून आयोग

५) मध्यस्थता न्यायाधिकरणको अध्यक्ष तोकिनु अगाडि पक्षहरुले बिवादको बिषयवस्तु उपर सहमति नजनाएमा मध्यस्थता न्यायाधिकरणले त्यस्तो बिषयवस्तु निर्धारण गर्नेछ ।

### धारा - ३

१) पत्यर्थी पक्षले मध्यस्थताको सूचना पाएको मितिले दुई महिना भित्र बिवादको पक्षहरु मध्ये कुनै एक पक्षले मध्यस्थ नियुक्त नगरेमा अर्को पक्षले सो कुरा संयुक्त राष्ट्र संघका महासचिवलाई जानकारी गराउने छ र निजले अर्को दुई महिना भित्र मध्यस्थ तोकिदिनेछ ।

२) दोस्रो मध्यस्थ नियुक्त भएको मितिले दुई महिना भित्र मध्यस्थता न्यायाधिकरणको अध्यक्ष नतोकिएकोमा कुनै पक्षको अनुरोधमा संयुक्त राष्ट्र संघका महासचिवले अर्को दुई महिना भित्र अध्यक्ष तोकिदिनेछ ।

### धारा - ४

मध्यस्थता न्यायाधिकरणले यस महासन्धि एवं अन्तर्राष्ट्रिय कानूनका प्रावधानहरु बमोजिम निर्णय गर्नेछ ।

### धारा - ५

बिवादका पक्षहरुले अन्यथा सहमति नगरेकोमा बाहेक न्यायाधिकरणले आफ्नो कार्यविधिका नियमहरु आफैं निर्धारण गर्नेछ ।

नेपाल कानून आयोग

## धारा - ६

मध्यस्थता न्यायाधिकरणले पक्षहरु मध्ये कुनै पक्षको अनुरोधमा अन्तरिम सुरक्षाका आवश्यक उपायहरु सिफारिश गर्न सक्नेछ ।

## धारा - ७

बिवादका पक्षहरुले मध्यस्थता न्यायाधिकरणको काममा सहयोग पु-याउनुका साथै खासगरी आफ्नो खर्चमा सम्पूर्ण साधनहरुको प्रयोग गरी उक्त न्यायाधिकरणलाई :

क) सम्पूर्ण सम्बद्ध कागजात, जानकारी तथा सुविधाहरु उपलब्ध गराउनेछन् र

ख) आवश्यक भएका बखत साक्षी वा विशेषज्ञहरुलाई झिकाउन र निजको प्रमाण प्राप्त गर्न समर्थ बनाउनेछन् ।

## धारा - ८

पक्षहरु तथा मध्यस्थहरुले मध्यस्थता न्यायाधिकरणको कारवाहीको अवधिभर गोप्य रुपमा प्राप्त गरेका कुनैपनि जानकारीको गोप्यता राख्ने दायित्व बहन गर्नु पर्दछ ।

## धारा - ९

मध्यस्थता न्यायाधिकरणले मुद्धाको खास अबस्थाका कारण अन्यथा निर्णय गरेकोमा बाहेक न्यायाधिकरणको खर्च बिवादका पक्षहरुले समान हिस्सामा ब्यहोर्नु पर्नेछ । न्यायाधिकरणले आफ्नो सम्पूर्ण खर्चको अभिलेख राखी त्यसको अन्तिम बिवरण पक्षहरुलाई दाखिला गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

## धारा - १०

बिवादको बिषयवस्तुमा कानूनी प्रकृतिको स्वार्थ निहित रहेको मुद्धाको निर्णयवाट प्रभावित हुन सक्ने पक्षले मध्यस्थता न्यायाधिकरणको सहमति लिई मुद्धाको कारवाहीमा हस्तक्षेप गर्न (इन्तरभेन गर्न) सक्नेछ ।

## धारा - ११

मध्यस्थता न्यायाधिकरणले बिवादको बिषयवस्तु मध्येबाट प्रत्यक्ष रुपमा उत्पन्न हुने प्रतिवादीहरुको सुनुवाई गरी निर्णय गर्न सक्नेछ ।

## धारा - १२

मध्यस्थता न्यायाधिकरणले बिवादको कार्यविधिगत र सारवान दुवै बिषयका निर्णयहरु यसका सदस्यहरुको बहुमतद्धारा गरिनेछ ।

## धारा - १३

१) बिवादका पक्षहरु मध्ये एउटा पक्ष मध्यस्थता न्यायाधिकरण समक्ष उपस्थित नभएमा वा विवादमा आफ्नो प्रतिरक्ष ागर्न नसकेमा अर्को पक्षले न्यायाधिकरणलाई कारवाही जारी राखि निर्णय गर्नका लागि अनुरोध गर्न सक्नेछ । कुनै पक्षको अनुपस्थिति वा कुनै पक्षले आफ्नो पतिक्षा गर्न नसकेकोले मुद्धाको कारवाहीमा रोक लाग्नेछैन ।

२) मध्यस्थता न्यायाधिकरणले आफ्नो अन्तिम निर्णय गर्नु भन्दा अगाडि दावी पूर्ण रुपमा तथ्य र कानूनमा आधारित छ भन्ने कुरामा आफू पूर्णरुपमा सन्तुष्ट हुनु पर्दछ ।



नेपाल कानून आयोग

## धारा - १४

मध्यस्थता न्यायाधिकरणले आफ्नो समयावधि थप गर्न आवश्यक ठानी अर्को पांच महिना भन्दा बढी नहुने गरी बढाएकोमा बाहेक यसले गठन भएको मितिले पांच महिना भित्र अन्तिम निर्णय गर्नेछ ।

## धारा - १५

मध्यस्थता न्यायाधिकरणको अन्तिम निर्णय बिवादको बिषयवस्तुमा सीमित रहनेछ र जुन कारणमा निर्णय आधारित रहेको छ त्यस्ता कारणहरु उल्लेख गर्नेछ । यसले अन्तिम निर्णयको मिति र सो निर्णयमा सहभागी सदस्यहरुको नाम उल्लेख गर्नु पर्नेछ । न्यायाधिकरणका कुनै पनि सदस्यले अन्तिम निर्णयमा आफ्नो छुट्टै वा भिन्न राय राख्न सक्नेछ ।

## धारा - १६

बिवादका पक्षहरुलाई निर्णय बन्धनकारी हुनेछ । माथि धारा १० बमोजिम आफूसंग सम्बन्धित बिषयको बारेमा हस्तक्षेप गर्ने पक्षलाई समेत उक्त निर्णयद्धारा गरिएको महासन्धिको ब्याख्या त्यस्तो पक्षले हस्तक्षेप गरेको बिषयको हदसम्म बन्धनकारी हुनेछ । बिवादका पक्षहरुले पहिले नै कुनै पुनरावलोकन सम्बन्धी कार्यविधि स्वीकार गरेकोमा बाहेक सो निर्णय उपर पुनरावेदन लाग्नेछैन ।

## धारा - १७

माथि धारा १६ बमोजिमको अन्तिम निर्णयद्धारा बन्धनकारी भएका पक्षहरु बीच उत्पन्न हुन सक्ने कुनै बिवाद सो निर्णयको ब्याख्या वा कार्यान्वयनको तरीकाको

नेपाल कानून आयोग

सम्बन्धमा तिनिहरु मध्ये कसैले सो निर्णय गर्ने मध्यस्थता न्यायाधिकरण समक्ष निर्णयका लागि पेश गर्न सक्नेछ ।

नेपाल कानून आयोग

**ख)  मेलमिलाप सम्बन्धी नियमहरु :**

यस महासन्धिको धारा २० को उपधारा ६ को प्रयोजनका लागि मेलमिलाप सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ :

**धारा - १**

१)  धारा २० को उपधारा ६ को परिणामस्वरुप मेलमिलाप आयोग स्थापना गर्नका लागि कुनै पक्षले सचिवालयलाई लिखितरुपमा सम्बोधन गरी अनुरोध गर्नु पर्नेछ । सचिवालयले सोही अनुरुप तुरुन्त सबै पक्षलाई जानकारी गराउने छ ।

२)  पक्षहरुले अन्यथा मञ्जुरी गरेकोमा बाहेक मेलमिलाप आयोगमा प्रत्येक सम्बन्धित पक्षले नियुक्त गरेको दुई-दुई जना र ती सदस्यहरुले संयुक्त रुपमा छनौट गरेको एकजना अध्यक्ष समेत रहने गरी पाँचजना सदस्यहरु रहनेछन् ।

**धारा - २**

दुई भन्दा बढी पक्षहरु बीचको बिवादहरुमा एकै स्वार्थ भएका पक्षहरुले सहमतिद्धारा सो आयोगको आफ्ना सदस्यहरु संयुक्त रुपमा नियुक्त गर्ने छन् ।

नेपाल कानून आयोग

### धारा - ३

सचिवालयले धारा १ मा उल्लिखित लिखित अनुरोध प्राप्त गरेको मितिले दुई महिनाभित्र पक्षहरुले कुनै पनि नियुक्ति नगरेमा संयुक्त राष्ट्र संघका महासचिवले कुनै पक्षको अनुरोधमा अर्को दुई महिनाभित्र त्यस्तो नियुक्ति गर्नेछ ।

### धारा - ४

मेलमिलाप आयोगको चौथो सदस्य नियुक्ति भएको मितिले दुई महिना भित्र सो आयोगको अध्यक्ष छनोट नभएमा संयुक्त राष्ट्र संघका महासचिवले कुनै पक्षको अनुरोधमा अर्को दुई महिनाभित्र अध्यक्ष तोकिदिनेछ ।

### धारा - ५

१) बिवादका पक्षहरुले अन्यथा मञ्जुरी गरेकोमा बाहेक मेलमिलाप आयोगले आफ्नो कार्यविधि नियमहरु आफैं निर्धारण गर्नेछ ।

२) पक्षहरु र उक्त आयोगका सदस्यहरुले आयोगको कारवाहीको अवधिभर गोप्य रुपमा प्राप्त गरेका कुनै पनि जानकारीको गोप्यता राख्ने दायित्व वहन गर्नु पर्नेछ ।

### धारा - ६

मेलमिलाप आयोगले आफ्नो सदस्यहरुको बहुमतद्धारा मात्र निर्णय गर्नेछ ।

नेपाल कानून आयोग

**धारा - ७**

मेलमिलाप आयोगको स्थापना भएको मितिले बाह्र महिना भित्र यसले बिवादको समाधानका निमित्त सिफारिश सहित प्रतिबेदन दिनेछ, र सो प्रतिबेदनलाई पक्षहरुले असल नियतले मनन् गर्नेछन् ।

**धारा - ८**

मेलमिलाप आयोगमा पेश गरिएको कुनै बिषयउपर बिचार गर्न आयोगको सक्षमता छ वा छैन भन्ने कुनै मत भिन्नताका सम्बन्धमा सो आयोगले नै निर्णय गर्नु पर्नेछ ।

**धारा - ९**

आयोगको खर्च बिवादको पक्षहरुले आफूले मन्जुर गरे बमोजिमको हिस्सामा व्यहोर्नू पर्नेछ । आयोगले आफ्नो सम्पूर्ण खर्चको अभिलेख राखी त्यसको अन्तिम बिवरण पक्षहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

नेपाल कानून आयोग